Be Boss Buy BOSS

BIG BOSS

高級上質紙を使用・YOKOHAMA

अभ्यास शिक्षण

दैनिक पाठयोजना

विद्यालय : गुह्येश्वरी माध्यमिक विद्यालय सिनामङ्गल

विषय : नेपाली

कक्षा : आठ

छात्रशिक्षक : रुकमणि पौडेल

कीर्तिपुर बहुमुखी क्याम्पस

शिक्षाशास्त्र सङ्काय

एकवर्षे बी. एड.

रोल नं. २६६

Number:

Date:

पाठयोजना : १

विषय : नेपाली — कक्षा : आठ

शीर्षक : साहित्यकार चक्रपाणि चालिसे — घण्टी :

पाठ्यवस्तु : सस्वर वाचन र शब्दोच्चारण — समय :

मिति :

विशिष्ट उद्देश्य :

१- शिक्षण कार्यकलापको अन्त्यमा विद्यार्थीहरू प्रस्तुत पाठ गति, यति मिलाई सस्वर वाचन गर्ने र शब्दहरूको शुद्धरूपमा उच्चारण गर्न समर्थ हुनेछन् । शब्दहरू : राष्ट्रिय, प्रचण्ड, गायत्री, केलटोल, गुह्-अध्ययन, विह्वल, विद्वत्ता, प्रस्फुटित ।

शैक्षिक सामग्री : चक्रपाणि चालिसेको तस्वीर ।

सिकाइ शिक्षण कार्यकलाप :

१- शिक्षकले गति, यति मिलाई प्रस्तुत पाठलाई नमूना वाचन गरिदिने ।

२- त्यसपछि विद्यार्थीहरूलाई आलोपालो गरी वाक्य तथा अनुच्छेद नै सस्वर वाचन गर्न लगाउने ।

३- विद्यार्थीद्वारा गरिएको त्यस वाचनमा त्रुटि देखा परेमा साथै शब्दोच्चारण गल्ती भएमा त्रुटि औंल्याई सच्याइदिने ।

४- निम्न शब्द युग्महरूलाई उच्चारणगत भिन्नताका साथ उच्चारण गर्न लगाउने ।

प्रचण्ड - परचण्ड, — प्रतापी - परतापी,

त्रयोदशी - तरयोदशी, — विद्वत्ता - विदोत्ता,

मुक्ति - मुकति, — स्तोत्र - इस्तोत्र,

५- यस्ता शब्दहरूमा पाइने उच्चार्य भिन्नता छुट्याउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

६- शिक्षकले उच्चारणमा कठिनाइ पर्ने जस्ता खालका शब्दहरू आफूसंगै उच्चारण गर्न लगाउने ।

मूल्याङ्कन :

- पाठको दोस्रो अनुच्छेद गति, यति मिलाई सस्वर वाचन गर ।
- उच्चारण गर :- डिठ्ठा, विचित्र, अखण्ड, राष्ट्रिय, प्रेरित ।

गृहकार्य :

निरीक्षक | विषयशिक्षक | प्रधानाध्यापक

पाठयोजना : २

विषय : नेपाली | कक्षा : आठ
शीर्षक : साहित्यकार चक्रपाणि चालिसे | घण्टी :
पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | समय :
मिति :

विशिष्ट उद्देश्य :

शिक्षण कार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

१- प्रस्तुत पाठलाई सस्वर वाचन गर्ने,
२- कठिन शब्दहरूको अर्थ बताउन र तिनलाई वाक्यमा प्रयोग गर्न, शब्दहरू :

शिक्षण सामग्री : शब्दपत्ती तथा वाक्यपत्ती, गोजीतालिका ।

सिकाइ शिक्षण कार्यकलाप :

१- विद्यार्थीहरूलाई प्रस्तुत पाठ पढ्न निर्देशन दिने ।
२- पाठमा देखा परेका कठिन शब्दहरू शिक्षकलाई भन्न निर्देशन दिने र शिक्षकले ती कठिन शब्दहरूलाई कालो पाटीमा टिप्दै जाने ।
३- ती शब्दहरूको अर्थ विद्यार्थीहरूबाट भन्न प्रोत्साहित गर्ने
४- विद्यार्थीहरूबाट आएको उत्तर ठीक भएमा त्यही अर्थ बताइदिने र ठीक नभएमा शिक्षकले सच्याई ठीक अर्थ बताइदिने ।
५- अर्थ स्पष्ट भए पछि ती शब्दहरूलाई विभिन्न मौलिक वाक्यमा प्रयोग गर्न लगाउने ।
६- आवश्यक परेमा शिक्षकले सहयोग गर्ने ।

मूल्याङ्कन :

- यी शब्दहरूको अर्थ भन : अखण्ड, दीर्घकाल, गृहस्थी, कवितात्मक भावना, प्रस्फुटित ।
- वाक्यमा प्रयोग गर : संवेदना, व्यथा, विह्वल, परिष्कृत ।

गृहकार्य :

अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर ल्याऊ ।
निधन, कटु, वाणी, विरहवेदना, मित्रवत
तीक्ष्णबुद्धि ।

निरीक्षक विषयशिक्षक प्रधानाध्यापक

पाठयोजना : ३

विषय : नेपाली　　　　　　　　　　　　　　　　कक्षा : आठ
शीर्षक : साहित्यकार चक्रपाणि चालिसे　　　　　　घण्टी :
पाठ्यवस्तु : पठनबोध (शुरूका ६ अनुच्छेदहरू)　समय :
　　　　　　　　　　　　　　　　　　　　　　　　मिति :

विशिष्ट उद्देश्य :

शिक्षण कार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

क तोकिएका अनुच्छेदबाट सोधिने निम्नलिखित बोध प्रश्नहरूको मौखिक उत्तर दिन,

१- चक्रपाणि चालिसेको जन्म कहिले र कहाँ भयो ?

२- चक्रपाणिको बाल्यावस्था कसरी बित्यो ?

३- चक्रपाणिको विद्याध्ययनको क्रम कस्तो देखिन्छ ?

४- चक्रपाणिको कवित्व शक्ति कसरी प्रस्फुटित हुन पुग्यो ?

ख. पाठ्यांशको भाव बताउन तथा महत्वपूर्ण यस भनाइको व्याख्या गर्न :

" संसारको नियम पनि विचित्रको छ, जसलाई जस्तो परेपनि ऊ आफैंले त्यो कुरा भोग्नुपर्दो रहेछ ।"

ग. मौन पाठ गर्न ।

शैक्षिक सामग्री :
साहित्यकार चक्रपाणि चालिसेको फोटो र फलाटिन बोर्ड ।

सिकाइ शिक्षण कार्यकलाप :

१- उक्त अनुच्छेदहरू विद्यार्थीहरूलाई मौन वाचन गर्न लगाउने

२- मौनवाचन गरिसकेपछि विशिष्ट उद्देश्यमा तोकिएका बोध सम्बन्धी प्रश्नोत्तर गराउने ।

३- बोध प्रश्नोत्तरहरू गराइसकेपछि उक्त अनुच्छेदका भाव बताउन तथा भावविस्तार गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

४- पाठमा देखा परेका भावपूर्ण भनाइ (जो विशिष्ट उद्देश्यमा तोकिएको छ) को व्याख्या गर्न विद्यार्थीहरूलाई सहयोग गरिदिने ।

५. प्रस्तुत अनुच्छेदहरूका सारांश बताउन लगाउने ।

मूल्याङ्कन :

- निम्न प्रश्नहरूको उत्तर देऊ -

१. चक्रपाणि चालिसेको बालककालमा कस्ता कस्ता दुःख आइपरे ?

२. चक्रपाणिले आफ्नो जीवन के गरेर बिताउने निधो गरे ?

- भावविस्तार गर :-

"संसारको नियम पनि विचित्रको छ, जसलाई जस्तो परेपनि ऊ आफैंले त्यो कुरा भोग्नु-पर्दो रहेछ ।"

गृहकार्य : तलका प्रश्नहरूको उत्तर लेखेर ल्याऊ ।

१. चक्रपाणि चालिसेले बाल अवस्थामा के कस्ता अप्ठ्याराहरू झेल्नुपर्‍यो ?

२. चक्रपाणिले विद्या अध्ययन कसरी गरे ?

निरीक्षक विषयशिक्षक प्रधानाध्यापक

पाठयोजना : ४

विषय : नेपाली	कक्षा : आठ
शीर्षक : साहित्यकार चक्रपाणि चालिसे	घण्टी :
पाठ्यवस्तु : पठनबोध ; सातौं अनुच्छेददेखि अन्त्यसम्म	समय :
	मिति :

विशिष्ट उद्देश्य :

शिक्षण कार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

क तोकिएका अनुच्छेदहरूबाट सोधिने निम्न बोध प्रश्नहरूको मौखिक उत्तर दिन ,

१- चक्रपाणिले आफ्नो प्रतिभालाई सन्तोषजनक वातावरणमा हुर्काउन नपाउनुको वा नसक्नुको कारण के हो ?

२- चक्रपाणि चालिसेको मुख्य मुख्य कृतिहरूको नाम भन ?

३- चक्रपाणिले आफ्नो जीवनमा के कस्ता दुःख झेल्नुपऱ्यो ?

४- विभिन्न दुःख झेल्नुपर्दा पनि चक्रपाणिले नेपाली भाषा र साहित्यको विकास गर्न किन छाडेनन् ?

५- चक्रपाणिको स्वभाव कस्तो थियो ?

६- चक्रपाणिलाई अमर साहित्यकार किन भनिन्छ ?

ख. मौन पाठ गर्न

ग. पाठ्यांशको भाव बताउन तथा महत्त्वपूर्ण यस भनाइको व्याख्या गर्न :

" उनका कृतिहरूमा नेपाली मुटुको मर्म दुःखीहरूको व्यथा र संवेदना पाइन्छ ।"

शैक्षिक सामग्री : चक्रपाणिको फोटो र फलाटिन बोर्ड ।

सिकाइ शिक्षण कार्यकलाप :

१- तोकिएका अनुच्छेदहरू विद्यार्थीहरूलाई मौन वाचन गर्न लगाउने ।

२- मौन वाचन पश्चात् विशिष्ट उद्देश्यमा तोकिएका बोध-सम्बन्धी प्रश्नोत्तरहरू गराउने ।

३. बोध प्रश्नोत्तर पछि उक्त अनुच्छेदहरूका भाव बताउन तथा भावविस्तार गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने
४. पाठमा देखिएका भावपूर्ण भनाइ (विशिष्ट उद्देश्यमा तोकिएको) को व्याख्या गर्न विद्यार्थीहरूलाई सहयोग गर्ने तथा शिक्षक आफूले गरिदिने ।
५. प्रस्तुत अनुच्छेदहरूको सारांश बताउन लगाउने ।

मूल्याङ्कन : तलका निम्न प्रश्नहरूको उत्तर देऊ -

१. चक्रपाणिले जीवनमा कस्ता दुःखहरू भोग्नुपऱ्यो ?
२. चक्रपाणि मरेर पनि कसरी अमर छन् ?
३. भावविस्तार गर -
"उनका कृतिहरूमा नेपाली मुटुको मर्म, दुःखीहरूको व्यथा र संवेदना पाइन्छ ।"

गृहकार्य : तलका प्रश्नहरूको उत्तर लेखेर ल्याऊ -

१. चक्रपाणिले नेपाली भाषा र साहित्यको क्षेत्रमा दिएको योगदान प्रष्ट पार ।
२. चक्रपाणिले आफ्नो जीवनमा भोग्नुपरेका दुःख-कष्टहरूको वर्णन गर ।
३. भावविस्तार गर -
"उनका कृतिहरूमा नेपाली मुटुको मर्म, दुःखीहरूको व्यथा र संवेदना पाइन्छ ।"

: [illegible]

: [illegible]

निरीक्षक विषयशिक्षक प्रधानाध्यापक

पाठयोजना : ५

विषय : नेपाली | कक्षा : आठ
शीर्षक : नीतिशतकबाट | घण्टी : दोस्रो
पाठ्यवस्तु : लयबोध र भावबोध | समय : ६.५५-७.३५
मिति : २०५१।४।१२

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू निम्नकुरामा सक्षम हुनेछन् :

(१) यस कवितालाई गति यति मिलाई लय हाली पढ्न ।
(२) यस कविताबाट सोधिएका भावबोधसम्बन्धी प्रश्नहरूको मौखिक उत्तर दिन ।
(३) भावविस्तार र व्याख्या गर्न ।

शिक्षण सामग्री :

सिकाइ शिक्षण कार्यकलाप :

(१) उक्त कवितालाई विद्यार्थीहरूमध्येबाट एकजनालाई गति, यति मिलाई पढ्न निर्देशन दिने र विद्यार्थीले सहीरूपमा पढ्न नसकेमा शिक्षक आफूले नै सुनाइदिने ।
(२) यसरी लयबद्ध पठन भइरहेको बेला अन्य शिक्षार्थीहरूलाई पुस्तकमा हेरी सुन्न लगाउने ।
(३) कविताको प्रत्येक अंश गति, यति मिलाई लय हाली पढेर सुनाई त्यसरी नै पढ्न अभ्यास गराउने ।
(४) विद्यार्थीहरूलाई अभ्यास गराउँदा उनीहरूबाट त्रुटि भएका ठाउँहरूको ख्याल गरी पुन: पठनको अभ्यास गराउने ।
(५) लयबद्ध पठनको अभ्यास पछि विद्यार्थीहरूलाई केही लाइन र केही अंश गरी अर्थ्याउन प्रोत्साहित गर्ने ।
(६) विद्यार्थीहरूलाई समग्र कविताको भाव बताउन र विशिष्ट एवं मार्मिक पंक्तिहरूको भावविस्तार एवं व्याख्या गर्न लगाउने ।
(७) अन्त्यमा शिक्षकले सम्पूर्ण कविताको भावविस्तार एवं व्याख्या गरेर सुनाउने ।
(८) निम्नलिखित भावबोध सम्बन्धी प्रश्नहरू सोध्ने ।
(क) विद्वान् र मूर्खमा के के फरक पाइन्छ ?
(ख) विद्वान् र राजा बराबर हुन्छन् कि हुन्न ? कारण देऊ ।

(ग) छोराछोरी नपढाउने बाबुआमालाई के भन्न सकिन्छ ?
(घ) अकुलीन व्यक्ति विद्वान भए पूजिन्छ कि पूजिन्न ?
(ङ) 'नङ्गाका देशमा . . . .।' यसको भावार्थ भन ।

मूल्याङ्कन :

- शुरुदेखिका चार श्लोकसम्मका कविता गति, यति मिलाई लय हाली पढ ।
- भावविस्तार गर :
  - विद्वानमा गुण नै ... ... विशेष छ ।
  - मूर्ख पुत्र हजारौंमा ... ... चन्द्र झैं ।
  - अकुलीन पनि .. .. लोकले ।
  - त्यस्तै कुपुत्र ... ... बहाउँछ ।

गृहकार्य :

- 'अकुलीन पनि विद्वान भए पूजिन्छ लोकले ।' यसको भावार्थ लेखेर ल्याऊ

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : ६

विषय : नेपाली कक्षा : आठ
शीर्षक : भूतको शिकार (पहिलो अनुच्छेददेखि आठौं अनुच्छेदसम्म) घण्टी : दोस्रो
समय : ६.५५-७.
पाठ्यवस्तु : शब्दार्थशिक्षण र पठनबोध मिति : २०५१।४।१३

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) शब्दहरूको अर्थ भन्न । शब्दहरू : सपना, उत्सुकता, वर्कत, अनिकाल, उब्जनी, श्रम, मूली, भर्सेला, उपद्रो, ठोकुवा ।

(२) वाक्यमा प्रयोग गर्न ,

(३) तोकिएका अनुच्छेदबाट सोधिएका बोधप्रश्नहरूको मौखिक रूपमा उत्तर दिन ।

शिक्षण सामग्री :

चक-डस्टर, श्यामपाटी, गोजीतालिका, शब्दपत्ती र वाक्यपत्तीहरू

सिकाइ शिक्षण कार्यकलाप :

(१) शीर्षकका सम्बन्धमा केही कुराहरू बताइदिने ।

(२) माथि तोकिएका अनुच्छेदहरू कुनै एक विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउने र बाँकी विद्यार्थीहरूलाई पुस्तक पल्टाई पाठ हेर्न लगाउने ।

(३) सस्वरवाचन गरिसकेपछि कठीन शब्दहरू भन्न निर्देश दिने र ती शब्दहरूलाई क्रमश: श्यामपाटीमा लेख्ने ।

(४) कठीन शब्दहरूको अर्थ कुनै विद्यार्थीलाई आउँछ भने भन्न निर्देश दिने र सही उत्तर आएमा त्यसैलाई सही छ भनेर बताइदिने र गल्ती भएमा आफैंले सही अर्थ बताइदिने ।

(५) माथि उल्लेख गरिएका शब्दहरूलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रोत्साहन दिने ।

(६) शब्दार्थशिक्षण पछि माथि उल्लेख गरिएका अनुच्छेदहरू एकपटक सबैलाई मौनवाचन गर्न लगाउने ।

(७) मौनवाचन गराइसकेपछि मौखिक रूपमा निम्न बोधप्रश्नहरूको बारेमा प्रश्नोत्तर गराउने :

- माष्टर साहेबले भन्नुभएको कुन कुरा राधाले बद्रीलाई सम्झाइन् ?
- बद्री र राधाका टोलीमा कति वर्षसम्मका व्यक्तिहरू थिए ?
- बूढापाकाहरू कहाँ के गर्न लागेका थिए ?
- चौतारोमा मिटिङ् केका बारेमा भएको थियो ?
- गाउँलेलाई भेला गराउने काम कसले गराएको हो ?
- सभामा कुन कुराको छलफल हुने भयो ?
- सानु थापाको विचारमा कुलो कसले भत्काएको हो ?

मूल्याङ्कन :

(१) निम्न शब्दहरूको अर्थ भन र वाक्यमा प्रयोग गर ।
उत्सुकता, बर्कत, अनिकाल, श्रम, मूली, भर्सेला ।

(२) पठनबोधको मूल्याङ्कन ७ नम्बरबाट गर्न सकिने छ ।

गृहकार्य :

- बूढापाका र नवयुवकहरूमा कुन कुरामा विवाद भयो ? लेखेर ल्याऊ ।

निरीक्षक | विषयशिक्षक | प्रधानाध्यापक

पाठयोजना : ७

विषय : नेपाली कक्षा : आठ
शीर्षक : भूतको शिकार (६ देखि १७ अनुच्छेदसम्म) घण्टी : दोस्रो
पाठ्यवस्तु : सस्वर वाचन र शब्दोच्चारण समय : ६:५५-७:३५
मिति : २०५१।४।१४

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) तोकिएका अनुच्छेदहरू गति, यति मिलाई सस्वर पठन -
(२) शब्दहरूको शुद्धरूपमा उच्चारण गर्ने । शब्दहरू : भूतप्रेत, विश्वास, शङ्का, भर्सेला, आश्चर्य

शिक्षण सामग्री :

शब्दपत्ती, गोजीतालिका, चक .... ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) शिक्षक आफैले निर्दिष्ट अनुच्छेदहरू नमुनावाचन गरी सुनाइदिने वा कुनै विद्यार्थीलाई उक्त अनुच्छेद पठन लगाउने ।
(२) यसै क्रममा अन्य विद्यार्थीहरूलाई पढिएको अनुच्छेद ध्यानपूर्वक हेर्न लगाउने ।
(३) विद्यार्थीहरूलाई अनुच्छेदका विभिन्न खण्डहरू पालैपालो गरी सस्वर पठन अभ्यास गराउने ।
(४) विद्यार्थीहरूले पढ्दा गरेका गल्तीहरूको शिक्षकले ख्याल राख्ने ।
(५) निम्न शब्दयुग्महरूलाई औच्चारिक भिन्नताका साथ उच्चारण गर्न लगाउने :

बद्री – बदरी	भूतप्रेत – भूतपेरेत
दुष्ट – डुष्ट	हेर्दैन – हेर्दैन
डर – दर	स्वरमा – सोरमा

(६) माथिका शब्दहरूलाई विद्यार्थीहरूले सही उच्चारण गर्न नसकेमा शिक्षक आफैले शब्दयुग्महरूलाई उच्चारण गरी सुनाइदिने र उच्चारणमा भएको भिन्नता औंल्याउन लगाउने ।
(७) उच्चारणमा भिन्नता औंल्याउने क्रममा उच्चारण अवयवको स्थिति निर्देश गरिदिने र शब्दहरूलाई पुनः उच्चारण गर्न लगाउने ।

(८) उल्लिखित शब्दहरूको सही उच्चारण गराइसकेपछि पुनः पालैपालो गरी सस्वरवाचन गर्न लगाउने ।

(९) सस्वरवाचन गर्ने क्रममा गति यति नमिलाई पढेमा गल्ती निर्देश गरिदिने र आफैले वाचन गरेर सुनाइदिने र तदनुरूप नै पठन अभ्यास गराउने ।

(१०) पठनबोधका लागि निम्न बोधप्रश्नका बारेमा प्रश्नोत्तर गराउने ।-

- कुलो भत्किएको सम्बन्धमा सानु थापाको विचार कस्तो छ ?
- सानु थापासंग बद्रीको कुनकुरामा असहमति छ ?
- 'कान छाम्नु छैन कागको पछि दगुर्नु' भनेको के हो ?
- बद्रीलाई साथ दिनेमा को को छन ?
- आजको पाठमा ककसका बीचमा छलफल भएको छ ?

मूल्याङ्कन :

(१) 'बद्रीलाई र ... ... पत्याउन्न यस्ता कुरा' यसलाई गति यति मिलाएर पढ ।

(२) शब्दहरूको उच्चारण गर । भूतप्रेत , विश्वास, शङ्का ,

गृहकार्य :

- उच्चारणमा भिन्नता औंल्याउन सकिने पाँच पाँच शब्दजोडा लेखेर ल्याऊ ।

निरीक्षक   विषयशिक्षक   प्रधानाध्यापक

पाठयोजना : ८

विषय : नेपाली   कक्षा : आठ
शीर्षक : भूतको शिकार (१८ देखि २४ औं अनु. सम्म)   घण्टी : दोस्रो
पाठ्यवस्तु : शब्दार्थ र पठनबोध   समय : ६.५५-७.३५
                                                                मिति : २०५१।४।१६

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) शब्दको अर्थ भन्न । शब्दहरू : गज, एकाकार, चकमन्न, अधैर्य, शिकार, पानीमरुवा, अनिच्छा, प्रस्ताव, मन्जूर ।

(२) शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

(३) निर्दिष्ट अनुच्छेदबाट सोधिएका बोधप्रश्नहरूको मौखिक उत्तर दिन ।

शिक्षण सामग्री :

शब्दपत्ती, गोजीतालिका, चक ... ... ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) माथि तोकिएका निश्चित अनुच्छेदहरू आफैले नमुना वाचन गरिदिने अथवा कुनै विद्यार्थीलाई उठाएर सस्वर वाचन गर्न लगाउने र अन्य विद्यार्थीहरूलाई पुस्तक पल्टाई पाठ हेर्न लगाउने ।

(२) पाठ पढिसकेपछि आफूलाई कठिन लागेका शब्दहरू शिक्षकलाई दिन निर्देश दिने र आफूले ती शब्दहरूलाई क्रमशः कालोपाटीमा टिप्दै जाने ।

(३) उक्त शब्दहरूको अर्थ प्रत्येक विद्यार्थीलाई एक एक गरेर सोध्दै जाने र सही उत्तर आएमा त्यसैलाई राम्रोसंग सुनाइदिने र आंशिक उत्तर आएमा सच्याएर सुनाइदिने र उत्तर नआएमा आफै शिक्षकले खुलस्त अर्थ बताइदिने ।

(४) शब्दको अर्थ बताइसकेपछि वाक्यमा प्रयोग गर्नेको लागि अभ्यास गराउने ।

(५) शब्दार्थको वाक्यमा प्रयोग गराइसकेपछि विद्यार्थीहरूलाई मौनवाचन गर्न लगभग ५ मिनटको समय दिने र आफूले त्यसको निरीक्षण गर्ने ।

(६) मौनवाचन गराइसकेपछि मौखिक रूपमा निम्न प्रश्नहरूद्वारा

बोध प्रश्नोत्तर गराउने :

- कुलो कहाँ र गाउँबाट कतिटाढा खनिएको थियो ?
- उनीहरू शिकार गर्न जाने रात कस्तो थियो ?
- राधा, माया र बद्रीमा कुनचाहिँ बढी साहसी लाग्दछन् ?
-

मूल्याङ्कन :

(१) शब्दको अर्थ भन र वाक्यमा प्रयोग गर : गाढा, निहुँ, गज, एकाकार, चकमन्न, अधैर्य, सरम ।

(२) पठनबोधका लागि मूल्याङ्कन नं. ६ बाट गर्न सकिन्छ ।

गृहकार्य :

- बूढापाका र नयाँ जोश भएका युवकयुवती बीचको विवाद कुन विषयमा भएको थियो ?

निरीक्षक | विषयशिक्षक | प्रधानाध्यापक

पाठयोजना : ६

विषय : नेपाली | कक्षा : आठ
शीर्षक : भूतको शिकार (अनु.२५ देखि ३३ सम्म) | घण्टी : दोस्रो
पाठ्यवस्तु : हिज्जे (वर्णविन्यास) | समय : ६.५५-७.३५
मिति : २०५१।४।१७

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू उल्लिखित शीर्षकमा हिज्जेका दृष्टिले कठिनाइ पर्ने खालका शब्दहरूको शुद्ध हिज्जे लेख्न समर्थ हुनेछन् ।

शिक्षण सामग्री :

शुद्ध हिज्जे लेखिएका शब्दपत्तीहरू र चक ... ... ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) शिक्षकले निर्दिष्ट अनुच्छेदमध्येबाट कुनै एक अनुच्छेदको श्रुतिलेख गराउने ।
(२) हिज्जे ठीक भयो भएन त्यसको लागि सम्बन्धित अनुच्छेद हेर्न लगाउने ।
(३) प्रस्तुत पाठमा हिज्जेका दृष्टिले कठिनाइ पर्ने शब्दहरू छनौट गरी श्रुतिलेख गराउने र श्रुतिलेख गराइसकेपछि सही हिज्जे शिक्षक आफैले बताइदिने ।
(४) हिज्जेका + दृष्टिले शिक्षण गर्न उपयुक्त हुने खालका शब्दहरू अशुद्ध रूपमा कालोपाटीमा लेखिदिने र विद्यार्थीहरूलाई सही उत्तर पत्ता लगाउन प्रोत्साहन दिने ।
(५) अगाडि, बीचमा र पछाडि ह्रस्व र दीर्घ हुने शब्दहरू पाठबाट खोज्न लगाउने र ती शब्दहरू लेख्न लगाउने ।

मूल्याङ्कन :

(१) सही हिज्जे पत्ता लगाऊ ।

① क. पृष्टभूमि ख पिरिष्टभूमी
ग पृष्ठभूमी घ पृष्ठभूमि

(ii) क- वहिनी ✓ख बहिनी
ग- बहिनि घ- बइनि
(iii). क- प्रकास ख- परकाश
✓ग- प्रकाश घ- पर्काश

- शुध्द गर : नीराश, अनिख, तिखो, गोरखेलउरी, बत्ति,

गृहकार्य :

(१) ह्रस्व इकार र दीर्घ ईकार प्रयोग भएका शब्दहरूको सूची बनाएर ल्याउ ।

निरीक्षक विषयशिक्षक प्रधानाध्यापक

पाठयोजना : १०

विषय : नेपाली
शीर्षक : व्याकरण शिक्षण
पाठ्यवस्तु : वचन

कक्षा : ६
घण्टी : तेस्रो
समय : ११:४०-१२:२०
मिति : २०५१।४।१७

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) एकवचन र बहुवचनको प्रयोग गरेर वाक्यहरू निर्माण गर्न ,

(२) वचनको परिभाषा भन्न ,

शिक्षण सामग्री :

एकवचन र बहुवचनको प्रयोग भएका वाक्यपत्तीहरू, चक ... ... ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) एकवचन र बहुवचनको प्रयोग गरेर वाक्यहरू उदाहरणका रूपमा शिक्षकद्वारा बताइदिने वा विद्यार्थीहरूलाई एकवचन र बहुवचनको प्रयोग गरिएका वाक्यहरू भन्न प्रोत्साहन दिने ।

(२) वचनको परिचय दिने र पुन: विद्यार्थीहरूलाई एकवचन र बहुवचनका वाक्यहरू बनाउन सहभागी गराउने ।

(३) एकवचनबाट बहुवचनमा वाक्यहरूलाई परिवर्तन गर्ने क्रममा बहुवचनमा प्रयोग हुने विभक्ति चिन्ह'हरू'को परिचय दिने ।

(४) यसै क्रममा एकवचनका वाक्यलाई बहुवचनमा र बहुवचनका वाक्यलाई एकवचनमा परिवर्तन गर्न विद्यार्थीहरूलाई सहभागी गराउने ।

मूल्याङ्कन :

तलका वाक्यहरू एकवचन भए बहुवचनमा र बहुवचन भए एकवचनमा परिवर्तन गर :

१- राम पढ्छ ।
२- केटाहरू पढ्छन् ।
३- सीता पढ्छिन् ।
४- तिमी जान्छौ ।
५- म गएँ ।
६- राम आए ?

- वचनको परिभाषा भन ।

गृहकार्य : – एकवचन र बहुवचनको प्रयोग गरेर ५पू वाक्यमा गाईको वर्णन गर ।

विषयशिक्षक　　　　प्रधानाध्यापक　　　　निरीक्षक

पाठयोजना : ११

विषय : नेपाली　　　　　　　　　　　कक्षा : ८

शीर्षक : वसन्त कोकिल (तीन श्लोक)　　घण्टी : तेस्रो

पाठ्यवस्तु : लयबोध, शब्दार्थ र भावबोध　　समय : ११.३०-१२.२०

मिति : २०५१।४।१८

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) उक्त कवितालाई गति, यति मिलाई लय हाली पढ्न,

(२) उक्त कवितामा प्रयोग भएका शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न ।

(३) उक्त कविताबाट सोधिएका भावबोधसम्बन्धी प्रश्नहरूको मौखिक उत्तर दिन र व्याख्या गर्न ।

शिक्षण सामग्री :

० कोइली रुखमा बसेको अवस्थाको फोटो, चक लेखनाथको फोटो ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) शिक्षकले कविताका बारेमा केही बताइदिने ।

(२) शिक्षकले नमुनावाचन गरिदिने र विद्यार्थीहरूलाई लय हाली पढ्न लगाउने ।

(३) अप्ठ्यारा र कठिन लागेका शब्दहरूको सूचि लिने र त्यसको अर्थ बताइदिने र त्यसलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गराउने ।

(४) पुन: विद्यार्थीहरूलाई लयबद्ध तरिकाबाट कविता पढ्न अभ्यास गराउने ।

(५) एकपटक विद्यार्थीहरूलाई कविताको मौनवाचन गराउने र भावबोध सम्बन्धी निम्न प्रश्नहरू सोध्ने :

वसन्त कहाँ आयो ?

कलकण्ठको के सुनिन्छ ?

अगाडि दु:खका दिन बिताउने को हो ?

महाखुसी हुने को हो र किन ?

मूल्याङ्कन : तलको कविता गति यति मिलाई लय हाली पढ :

चलीरहेको .... नहोस त्यो किन ?

(२) शब्दको अर्थ भन र वाक्यमा प्रयोग गर :
लता, नवीन, कलकण्ठ, प्रमोद, दृष्टि, मञ्जु ।
(३) भावबोध क्रियाकलाप खण्डको नं. ५ बाट गराउने ।

गृहकार्य :

- अर्थ लेखेर ल्याउ ।
: चलीरहेछ सिरीसिरी हवा ..... नहोस त्यो किन ?

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : १२

विषय: नेपाली
कक्षा : आठ
शीर्षक : अब्राहम लिंकन (सातौं अनुच्छेदसम्म)
घण्टी : दोस्रो
पाठ्यवस्तु : शब्दार्थशिक्षण र पठनबोध
समय : ६:५५-७:३५
मिति : २०५१।४।१०

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) शब्दहरूको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न । शब्दहरू : जुलाहा, विशाल, देहान्त, वात्सल्यमयी, सौभाग्य, पिलन्धरे, रवबटे, घर्ती ।

(२) तोकिएका अनुच्छेदबाट सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिन ।

शिक्षण सामग्री :

अब्राहम लिंकनको फोटो र चक ..... ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) तोकिएका अनुच्छेदलाई विद्यार्थीहरूलाई उठाई एक एक गरी सस्वर वाचन गर्न लगाउने वा शिक्षक आफैंले नमुना वाचन गरिदिने ।

(२) कठिन लागेका शब्दहरू शिक्षकलाई दिन निर्देशन दिने र शिक्षकले ती शब्दहरूलाई श्यामपाटीमा लेख्दै जाने ।

(३) ती शब्दका अर्थ विद्यार्थीहरूले जानेका भए उठाएर सोध्ने, उसबाट सही उत्तर आएमा त्यसैलाई सुनाइदिने र सही उत्तर नआएमा अन्य विद्यार्थीलाई पनि सोध्ने र अन्त्यमा शिक्षक आफैंले खुलस्त अर्थ बताइदिएर विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न प्रोत्साहन दिने यसै क्रममा आफूले लगेका शब्दार्थपत्ती र वाक्यपत्ती प्रयोग गरेर देखाइदिने ।

(४) विद्यार्थीहरूलाई एकपटक मौनवाचन गर्ने निर्देशन दिने, त्यसको आफूले निरीक्षण गर्ने र भावबोध सम्बन्धी निम्न बोधप्रश्नहरू सोध्ने :

- लिंकन कहाँका कतिऔं राष्ट्रपति थिए ?
- टुहुरा लिंकनको रेखदेख गर्ने काम कसले गरेको थियो ?
- एकजना धनाढ्यका साथ शहर घुम्न जाँदा उनले के देखेका थिए ?
- मानिसलाई किनबेच गरी नोकर राख्ने प्रथालाई के भनिन्छ ?

मूल्याङ्कन :

(१) तलका शब्दहरूको अर्थ भन र वाक्यमा प्रयोग गर ।

जुलहा, विशाल, वात्सल्यमयी, पिलन्धरे, उपकरण

(२) भावबोध सम्बन्धी मूल्याङ्कन नं. ४ बाट गराउने ।

गृहकार्य :

तलका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गरेर ल्याऊ ।

P. Bhupal

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : १३

विषय : नेपाली | कक्षा : आठ
शीर्षक : अब्राहम लिंकन (आठौंदेखि अन्त्यसम्म) | घण्टी : दोस्रो
पाठ्यवस्तु : सस्वरवाचन र शब्दोच्चारण | समय : ६:५५-७:३५
मिति : २०५१।४।११

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् ।
(१) तोकिएका अनुच्छेदहरू गति, यति मिलाई सस्वरवाचन गर्न
(२) यस पाठमा प्रयोग भएका कठिन शब्दको उच्चारण गर्न ।

शिक्षण सामग्री :

अब्राहम लिंकनको फोटो, चक, डस्टर .... ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) तोकिएका अनुच्छेदहरूको विषयवस्तु बताइदिने र त्यसलाई पालैपालो गरी विद्यार्थीहरूलाई गति यति मिलाई सस्वरवाचन गर्न लगाउने र अन्य विद्यार्थीहरूलाई ध्यानपूर्वक पाठ हेर्न लगाउने ।
(२) कठिन शब्दको सूचि माग्ने र तिनलाई अन्तर्क्रियाका माध्यमबाट समाधान गराउने ।
(३) उच्चारण गर्न कठिन लाग्ने शब्द श्यामपाटीमा लेखिदिने र तिनलाई शुद्ध र स्पष्ट रूपमा उच्चारण गर्ने अभ्यास गराउने ।
(४) विद्यार्थीहरूलाई कठिन लाग्ने शब्दहरू पाठबाट खोज्नलगाई ती शब्दहरूलाई पनि उच्चारण गर्ने अभ्यास गराउने ।
(५) श्रुतिसमभिन्नार्थक पद्धतिका आधारमा निम्न शब्दहरूको उच्चारण गर्ने अभ्यास गराउने । शब्दहरू : सिक्री, अन्याय, असह्य, प्रजातन्त्र, दृढनिश्चयी, प्रतिज्ञा, घृणित. ।
(६) विद्यार्थीहरूद्वारा शब्दको सही उच्चारण हुन नसकेमा ध्वनि अवयवको स्थिति निर्देश गरी शब्दको उच्चारण गर्ने अभ्यास गराउने ।

मूल्याङ्कन :

(१) नवौं अनुच्छेद गति यति यति मिलाई सस्वरवाचन गर ।
(२) शब्दहरूको शुद्धरूपमा उच्चारण गर : अन्याय, असह्य प्रजातन्त्र, दृढनिश्चयी, प्रतिज्ञा, घृणित, प्रयत्न ।

Number:

Date:

गृहकार्य :

– आज पढाएको पाठलाई पुनः गति यति मिलाई सस्वरवाचनको अभ्यास गरी उच्चारण गर्न कठिन शब्दहरूको सूचि लेखेर ल्याऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : १४

विषय : नेपाली　　　　　　　　　　　　　　　कक्षा : आठ
शीर्षक : भूतको शिकार (३४ औंदेखि अन्त्यसम्म)　　घण्टी : सातौं
पाठ्यवस्तु : सस्वरवाचन, शब्दार्थ र वाक्यमा प्रयोग , समय : ३:००-३:४०
　　　　　　　　　　　　　　　　　　　　　　मिति : २०५९।४।१८

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) गति, यति मिलाई सस्वरवाचन गर्ने ,
(२) शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न : पातकी, रवाफ, चौरखुरिएर

शिक्षण सामग्री :

शब्दार्थपत्ती , वाक्यपत्ती, गोजीतालिका … … ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) सबैभन्दा पहिले कक्षामा गइसकेपछि श्यामपाटीमा लेख्नुपर्ने कुरा लेख्ने
(२) आज पढाइने पाठको बारेमा परिचय दिँदै पूर्वप्रसङ्गलाई आज पढाइने विषयवस्तुसंग जोडिदिने ।
(३) विद्यार्थीहरूमध्ये एक जनालाई उठाएर गति. यति मिलाई सस्वर वाचन गर्न लगाउने र अन्य विद्यार्थीहरूलाई ध्यानपूर्वक पाठ हेर्न लगाउने ।
(४) अप्ठ्यारा शब्दहरू भन्न निर्देश दिने र ती शब्दहरूलाई आफूले श्यामपाटीमा लेख्दै जाने ।
(५) ती शब्दको अर्थ आउने विद्यार्थीलाई हात उठाउन लगाउने र एक एक गरी शब्दको अर्थ सोध्ने , सही उत्तर आएमा त्यसैलाई सुनाइदिने र उत्तर नआएमा शिक्षक आफैले शब्दको अर्थ बताइदिने ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीहरूलाई लगाउने ।
(६) यसपछि विद्यार्थीहरूलाई सस्वरवाचन गर्ने अभ्यास गराउने र पछि मौनवाचन गराएर बोधसम्बन्धी निम्न प्रश्नोत्तर गराउने ।
- गोर्खेलोरीमा चौरखुरिएर बाँधिने को थियो ?
- कसले कसको उल्क्याइँमा लागेर कुलो भत्काउने काम गरेको थियो ?
- लक्ष्मण थापाले किन कुलो भत्काउन लगाएको हो ?
- गाउँलेले कसलाई कस्तो सजायँ दिए ?

(७) अन्त्यमा 'भूतको शिकार' पाठसंग सम्बन्धित भएर प्रश्नोत्तर गराउने ।

मूल्याङ्कन :

- 'हजुर मुखिया ज्यू …' यस अनुच्छेदलाई गति यति मिलाई

सस्वर वाचन गर ।

(२) शब्दको अर्थ भन र वाक्यमा प्रयोग गर:
गोर्खेलोरी, चौरखुरिएर, अपराध, पातकी, खाफ, करतुत, पुरुषार्थ ।

गृहकार्य :

- तलका शब्दहरूको अर्थ लेखी वाक्यमा (आफ्नै वाक्यमा) प्रयोग गरेर लेखेर ल्याऊ ।
शब्दहरू: गोर्खेलोरी, धाक, पातकी, खाफ, घृणा, पुरुषार्थ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : १५

विषय : नेपाली
शीर्षक : व्याकरण
पाठ्यवस्तु : समास

कक्षा : आठ
घण्टी : सातौं
समय : ३·००-३·४०
मिति : २०५७।४।१६

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् ।

(१) समास के हो भन्ने कुरा बुझ्न,
(२) समासका नामहरू भन्न
(३) अव्ययीभाव समासको परिभाषा सहित उदाहरण दिन ।

शिक्षण सामग्री :

अव्ययीभाव समासका शब्दहरू लेखिएका शब्दपत्तीहरू ।

सिकाइ शिक्षण कार्यकलाप :

(१) कक्षामा प्रवेश गरिसकेपछि समासको अध्यापन गर्ने क्रममा विग्रह भनेर समास गरिएका शब्दहरू सुनाइदिने ।
(२) यसपछि पहिले उदाहरण बताइदिएर समासको परिचय वा परिभाषा दिने र परिभाषा दिइसकेपछि समासका प्रकारहरू बताइदिने ।
(३) प्रसङ्गमा आएकाले सबै समासको छोटो परिचय दिने र अव्ययीभाव समासको अभ्यास गराउन विद्यार्थीहरूलाई सहभागी गराउने ।
(४) अव्ययीभाव समासका केही शब्दहरूको बिग्रह बताई समस्त शब्द भन्न विद्यार्थीहरूलाई सक्रिय बनाउने ।
(५) समस्त शब्द बताई विद्यार्थीहरूलाई विग्रह बताउनको लागि विद्यार्थीलाई सक्रिय बनाउने ।
(६) विद्यार्थीहरूबाट समस्त शब्द माग्ने र आएमा अभ्यास गराउने

मूल्याङ्कन :

(१) समासको परिभाषा भनेर उदाहरण देऊ ।
(२) समासका नामहरू बताऊ ।
(३) अव्यय शब्द प्रयोग भएका समस्त शब्द भन ।

Number:

Date:

गृहकार्य :

- अव्ययीभाव समासको परिचय दिंदै उदाहरण देऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : १६

विषय : नेपाली　　　　　　　　　　　　　　　　कक्षा : आठ
शीर्षक : घर छोड्ने रात (पाँच अनु. सम्म)　　　　घण्टी : सातौं
पाठ्यवस्तु : सस्वरवाचन र पठनबोध　　　　　　　समय : ३.००-३.४०
　　　　　　　　　　　　　　　　　　　　　　　मिति : २०५१।४।२०

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) तोकिएका अनुच्छेदहरू गति यति मिलाई हाउभाउ प्रदर्शनपूर्वक सस्वर वाचन गर्न ,
(२) भावबोध सम्बन्धी सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिन ,
(३) यस मनोवादको शिक्षण पछि विद्यार्थीहरू आफ्ना मनमा ~~आफ्ना~~ उब्जिएका भावहरूलाई अभिव्यक्त गर्न ।

शैक्षिक सामग्री : पाठ्यपुस्तककै फोटो

सिकाइ शिक्षण कार्यकलाप :

(१) कक्षाकोठामा प्रवेश गरिसकेपछि कक्षाको वातावरण निरीक्षण गर्ने र मनोवादको विषयमा जानकारी दिने र श्यामपाटीमा लेख्नु पर्ने कुरा लेख्ने ,
(२) तोकिएका अनुच्छेदहरू नमुनावाचनका रूपमा शिक्षकले पढेर सुनाइदिने र विद्यार्थीलाई उठाई पढ्न लगाउने अन्य विद्यार्थीहरूलाई पाठ पल्टाई हेर्न लगाउने ।
(३) यसै क्रममा कठिन शब्दहरूको सूचि माग्ने र शब्दार्थशिक्षण गराउने ।
(४) शब्दार्थ शिक्षणको अभ्यास गराइसकेपछि विद्यार्थीहरूलाई सस्वरवाचनको अभ्यास गराउने ।
(५) विद्यार्थीहरूलाई ६ मिनट मौनवाचन गर्ने समय दिने र भाववोध सम्वन्धी निम्न प्रश्नहरू मौखिक रूपमा सोध्ने :

१

(६) आज पढिएको पाठको मौखिक रूपमा सारांश वताउन लगाउने ।

मूल्याङ्कन :

(१) पहिलो अनुच्छेद गति यति मिलाई सस्वर वाचन गर ।
(२) भावबोध सम्बन्धी प्रश्नोत्तर नं. ५ बाट गराउने ।

- आज पढिएको पाठका आधारमा आलोककुमारका मनमा उठाएका भावनाहरुको सारांश लेखेर ल्याऊ ।

विषयशिक्षक   प्रधानाध्यापक   निरीक्षक

पाठयोजना : ९७

विषय : नेपाली | कक्षा : ६
शीर्षक : वसन्त कोकिल | घण्टी : तेस्रो
पाठ्यवस्तु : लयबोध, शब्दार्थ र भावबोध | समय : ११.४०-१२.२०
मिति : २०५१।४।२०

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा समर्थ हुनेछन् ।

(१) प्रस्तुत कविता गति यति मिलाई लय हाली पढ्न
(२) प्रस्तुत कवितामा प्रयोग भएका कठिन शब्दहरूको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न
(३) कविताबाट सोधिएका भावबोध सम्बन्धी प्रश्नहरूको मौखिक उत्तर दिन ।

शैक्षिक सामग्री : शब्दपत्ती र वाक्यपत्ती

सिकाइ शिक्षण कार्यकलाप

(१) कविताको पूर्वप्रसंगलाई उद्धृत गर्दै आज पढाइने कविताका बारेमा केही कुरा भनिदिने ।
(२) प्रस्तुत कवितालाई शिक्षकले नमुनावाचन गरिदिने र विद्यार्थीहरूलाई पनि लय मिलाई भन्न सिकाउने ।
(३) पठनको क्रममा अप्ठ्यारा शब्दको अर्थ बताइदिने र उनीहरूलाई वाक्यमा प्रयोग गर्न प्रोत्साहित गर्ने ।
(४) पुनः कवितालाई लयबद्ध रूपमा पठन अभ्यास गराउने र पंक्ति-पंक्तिको अर्थ बताइदिने ।
(५) उनीहरूले नबुझेका केही कुरा भए सोध्ने र उनीहरूलाई पाँच मिनेट मौनवाचन गराई भावबोध सम्बन्धी प्रश्नहरू सोध्ने ।

- पालुवाहरूमा कोइली के के गर्छ ?
- कोइली कसरी फर्कन्छ ?
- के कुराले गर्दा कोइली साह्रै खुसी छ ?

मूल्याङ्कन :

(१) गति यतिको ख्याल गरी तलको कवितालाई लय हाली पढ :

ઘરીઘરી ભુરં ઉડી અલિકતિ
ઘુમેર શારવાન્તરમા યતાઉતિ
બડો બહાડી રસિકૈ બની તહાઁ
ઢલીમલી ગર્દછ પાલુવામહાઁ ।

(૨) શબ્દકો અર્થ ભન :

શારવાન્તર, બહાડી, મઞ્જરી, શીત, બાગ, વૃષ્ટિ

(૩) ભાવબોધ સમ્બન્ધી પ્રશ્નકો મૂલ્યાઙ્કન નં. પૂ. કો આધારમા ગર્ને ।

गृहकार्य :

(૧) શારવાન્તર, રસિક, બહાડી, ઢલીમલી, મઞ્જરી
શીત, બાગ, વૃષ્ટિ, યી શબ્દહરૂકો અર્થ લેરવી
વાક્યમા પ્રયોગ ગરેર લ્યાઉ ।

વિષયશિક્ષક પ્રધાનાધ્યાપક નિરીક્ષક

पाठयोजना : १८

विषय : नेपाली
कक्षा : ६
शीर्षक : मान्छेको आयु (पाँच अनुच्छेद)
घण्टी : तेस्रो
पाठ्यवस्तु : शब्दार्थ र पठनबोध
समय : ११.४० - १२.२०
मिति : २०५११४१२१

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न,

(२) भावबोध सम्बन्धी सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिन ।

शैक्षिक सामग्री :

शब्दपत्ती, गोजीतालिका र अन्य दैनिक प्रयोगका सामग्रीहरू ।

शैक्षणिक कार्यकलाप :

(१) तोकिएका अनुच्छेदहरू शिक्षक आफैंले नमुनावाचन गरिदिने वा शिक्षार्थी कुनै एकलाई उठाएर पढ्न लगाउने र अन्य विद्यार्थीहरूलाई ध्यानपूर्वक पाठ हेर्न लगाउनु ।

(२) पाठमा कठिन लाग्ने खालका शब्दहरू विद्यार्थीसंग माग्ने र आफूले श्यामपाटीमा लेख्दै जाने ।

(३) कुनै विद्यार्थीले त्यसलाई भन्न सक्ने भए अर्थ भन्न निर्देशन दिने सही उत्तर आएमा त्यसैलाई पुन: सुनाइदिने र विद्यार्थीहरूलाई वाक्यमा प्रयोग प्रोत्साहित गराउने ।

(४) एउटा शब्दलाई धेरै वाक्यहरूमा प्रयोग गर्ने अभ्यास गराउने ।

(५) गल्ती भएमा शिक्षकले सच्याइदिने ।

(६) विद्यार्थीहरूलाई पाँच मिनट मौनवाचन गर्ने समय दिने र भावबोधसम्बन्धी निम्नानुसारका प्रश्नहरू सोध्ने :

(क) ब्रह्माजीले सभा बोलाउनुको खास कारण के हो ?

(ख) मान्छेको गुनासो के छ ?

(ग) गोरु, गधा, र लाटोकोसेरोको गुनासो के छ ?

(घ) गोरुको कति वर्षको आयु कसले लियो ?

मूल्याङ्कन :

- शब्दको अर्थ भन र वाक्यमा प्रयोग गर :

जगत, सृष्टि, ध्यान, प्राणी, अन्याय, गाडा, कृपा, आयु, सभा ।

गृहकार्य :

- वाक्यमा प्रयोग गरेर ल्याऊ ।

विश्वास, अन्याय, सन्तोष, सिंहासन, प्राणी ।

Observed class
21-4-057

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : १८

विषय : नेपाली
शीर्षक : मान्छेको आयु (बाँकी अनुच्छेद)
पाठ्यवस्तु : शब्दार्थ र पठनबोध

कक्षा : ६
घण्टी : तेस्रो
समय : ११.४०-१२.२०
मिति : २०५१।४।२३

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरु :

(१) शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न,
(२) मान्छेले कसकसबाट कति कति आयु प्राप्त गऱ्यो र भन्न,
(३) चालिस वर्षदेखि सय वर्षसम्मको अवस्थामा मानिसले कसरी समय बिताउँछ भन्ने कुरा अभिव्यक्त गर्न समर्थ हुनेछन्।

शैक्षिक सामग्री :

सभा बसेको अवस्थाको फोटो, शब्दार्थपत्ती, वाक्यपत्ती र अन्य दैनिक प्रयोगका सामग्रीहरु।

शैक्षणिक कार्यकलाप :

(१) तोकिएका अनुच्छेदहरु शिक्षक आफैले नमुनावाचन गरिदिने वा विद्यार्थीलाई उठाएर पढ्न लगाउने र अन्य विद्यार्थीहरुलाई पाठ हेर्न लगाउने।
(२) पाठमा प्रयुक्त कठिन शब्दहरु माग्ने र प्रयोगात्मक तरीकाबाट शिक्षण गराउने।
(३) पाठले भन्न खोजेको कुरा अर्थात भावबोधका बारेमा विद्यार्थीहरुलाई बताइदिने।
(४) भावबोध सम्बन्धी प्रश्नोत्तर गराउनको लागि पाँच मिनेट मौन-वाचन गर्ने समय दिने र प्रश्नोत्तर गराउने।

मूल्याङ्कन :

(१) शब्दको अर्थ भन र वाक्यमा प्रयोग गर :

(२) मान्छेले ककसबाट कति कति आयु प्राप्त गऱ्यो? भन।
(३) चालिसदेखि साठी वर्षबीचमा मानिसले कस्तो दुःख पाउँछ?
(४) साठीदेखि असी र असीदेखि सयवर्षको बीचमा मानिसले कस्तो जीवन बिताउँछ?

गृहकार्य

- 'मान्छेको आयु' यस पाठको सारांश लेखेर ल्याऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : २0

विषय : नेपाली | कक्षा : आठ
शीर्षक : घर छोड्ने रात (बाँकी अनुच्छेद) | घण्टी : सातौं
पाठ्यवस्तु : सस्वरवाचन र भावबोध | समय : ३:००-३:४०
मिति : २०५१।४।२२

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू
(१) गति, यति मिलाई सस्वरवाचन गर्न,
(२) गाउँमाभन्दा शहरमा भएका विशेषता बताउन,
(३) शहरको तुलनामा गाउँको महत्व के छ भन्ने कुरा बताउन,
(४) गाउँले जीवनबारे आलोक र श्यामको विचार थाहा पाउन समर्थ हुनेछन् ।

शैक्षिक सामग्री : अगाडि लेखिएको छ पा. १६ मा, शब्दपत्ती, वाक्यपत्ती

शैक्षणिक कार्यकलाप :

(१) आज पढाइने मनोवादको अंशलाई पूर्व प्रसंगसंग स्थापित गरेर केही कुरा बताइदिने ।
(२) तोकिएका अनुच्छेदहरू शिक्षकले नमुनावाचनका रूपमा सुनाइदिने र विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाउने ।
(३) कुनै शब्दको अर्थ विद्यार्थीलाई नआउने भए शब्दार्थशिक्षण गराउने ।
(४) मनोवाद शिक्षणको आवश्यकता र महत्वबारे केही कुरा बताइदिने र यस पाठको भाव बताइदिने ।
(५) पाँच मिनट मौनवाचन गर्न लगाउने र भावबोध सम्बन्धी प्रश्नोत्तर गराउने ।

मूल्याङ्कन :

(१) आज पढिएको पाठको पहिलो अनुच्छेद गति, यति मिलाई वाचन गर
(२) गाउँका तुलनामा शहरमा हुने ४ विशेषताको उल्लेख गर ।
(३) शहरको तुलनामा गाउँको के महत्त्व छ ?
(४) आलोक र श्यामको विचारलाई छोटकरीमा भन ।

(५) भावविस्तार गर :

'आखिर गाउँबाटै अन्नबाली न ओसारी बसेर खान पाइन्न क्यारे ।'

गृहकार्य :

- गाउँ र शहरमा भएका छुट्टाछुट्टा विशेषताहरू लेखेर ल्याऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : २१

विषय : नेपाली　　　　　　　　　　कक्षा : आठ
शीर्षक : चरीको विलाप (दुई श्लोक)　　　घण्टी : सातौं
पाठ्यवस्तु : लयबोध, शब्दार्थ र भावबोध　　समय : ३:००-३:४०
मिति : २०५१।४।२५

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू
(१) 'चरीको विलाप' कवितालाई गति यति मिलाई लय हाली पढ्न,
(२) शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर्न ; झंटा, व्याकुल, मनुज ।
(३) चरीले किन विलाप गरेको हो भन्ने कुरा बताउन
(४) चरा मारेर मानिसलाई किन फाइदा छैन भन्ने कुरा बताउन
समर्थ हुनेछन् ।

शैक्षिक सामग्री :
धनु बोकेको व्याधाको चित्र, 'तरुण तपस्वी'

शैक्षणिक कार्यकलाप :

(१) लेखकको छोटो परिचय बताइदिने ।
(२) प्रस्तुत कविता शिक्षक आफैले लय हाली पढिदिने र पछि विद्यार्थीहरू-लाई लय हाली पढ्न लगाउने ।
(३) कवितामा प्रयुक्त अप्ठ्यारा शब्दको अर्थ बताइदिने ।
(४) कविताको प्रत्येक चरणको अर्थ बताउँदै भावविस्तार गर्ने अभ्यास गराउने र कविताको मूल सन्देश बताइदिने ।
(५) सामूहिक रूपमा लय हाली कविता पढ्न अभ्यास गराउने ।
(६) कवितामा नबुझेका केही कुरा भए सोध्न निर्देश दिने र भावबोध सम्बन्धी प्रश्नोत्तरका लागि मौन गर्ने चार मिनेट समय दिने र निम्न प्रश्नहरूद्वारा प्रश्नोत्तर गराउने ।
- चरीले चीं चीं गरेर बोल्नुको कारण के हो ?
- मर्ने बेलामा चरीले कसलाई के भनिरहेको छ ?
- आफ्नो प्राण लिने व्यक्तिलाई चरीले के बताउँदै छ ?

मूल्याङ्कन :

(१) पहिलो श्लोक कविता गति, यति मिलाई लय हाली पढ ।
(२) शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर : झम्टा, व्याकुल, मनुज जीवन

(३) चरीले किन विलाप गरेको हो एउटा कारण भन ।
(४) चरा मारेर मानिसलाई किन फाइदा छैन ? बताऊ ।

गृहकार्य :

(१) दोस्रो श्लोकको अर्थ लेखेर ल्याऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : २२

विषय : नेपाली
कक्षा : ६
शीर्षक :
घण्टी : दोस्रो
पाठ्यवस्तु : वर्तमानकाल र यसका पक्ष
समय : ११·०० - ११·४०
मिति : २०५१।४।२५

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू

(१) वर्तमान कालको क्रियाहरू प्रयोग गरिएका वाक्यहरूको पहिचान गर्न,.
(२) वर्तमान कालका तीन पक्ष अर्थात सामान्य वर्तमान, अपूर्ण वर्तमान र पूर्णवर्तमानलाई छुट्याउन सक्नेछन ।
(३) पूर्ण, अपूर्ण र सामान्य वर्तमान कालको प्रयोग गरी वाक्य निर्माण गर्न सक्षम हुनेछन ।

शैक्षिक सामग्री : वर्तमानकालका तीन पक्ष उल्लेख गरिएको चार्ट र तीन पक्ष उल्लेख गरी निर्मित वाक्यपत्तीहरू ।

शैक्षणिक कार्यकलाप :

(१) शिक्षकले तीनवटै पक्ष प्रयोग भएका वाक्यहरू श्यामपाटीमा लेखिदिने र शिक्षार्थीहरूलाई उक्त वाक्यहरूका बारेमा बताइदिने ।
(२) गोजीतालिकाको प्रयोग गरी सामन्य वर्तमानको वाक्यलाई अपूर्ण र अपूर्णवर्तमानको वाक्यलाई पूर्ण वर्तमान कालको बनाएर देखाइदिने ।
(३) भिन्न भिन्न वाक्य दिई विद्यार्थीहरूलाई पूर्ण अपूर्ण र सामान्य वर्तमान कालमा परिवर्तन गराउन अभ्यास गराउने ।
(४) कुनै निश्चित पाठ पल्टाई पूर्ण अपूर्ण र सामान्य वर्तमानकालको प्रयोग भएका वाक्यहरू खोज्न लगाउने र तिनमा पूर्ण अपूर्ण र सामान्यलाई द्योतन गर्ने पदलाई चिन्ह लगाउन निर्देशन दिन र अभ्यास गराउने ।

मूल्याङ्कन :

(१) राम पढ्छ। राम पढ्दै छ । राम पढिरहेको छ । यसमा कुन कुन पक्षको प्रयोग भएको छ ? भन ।
(२) पूर्ण अपूर्ण र सामान्य वर्तमानकालको प्रयोग गरी एकएकवटा वाक्य बनाऊ ।

गृहकार्य :

- पूर्ण, अपूर्ण र सामान्य वर्तमान कालको प्रयोग गरी पाँच पाँचवटा वाक्य लेखेर ल्याऊ ।

विषयशिक्षक   प्रधानाध्यापक   निरीक्षक

पाठयोजना : २३

विषय : नेपाली | कक्षा : आठ
शीर्षक : चरीको विलाप | घण्टी : सातौं
पाठ्यवस्तु : लयबोध, शब्दार्थ र भावबोध | समय : ३.००-३.४०
मिति : २०५१।४।२६

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू

(१) ~~[illegible]~~ कविता गति यति मिलाई लयहाली पढ्न,
(२) शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर्न (जस्तै : ~~शब्दहरू~~ दीन, नियति पारसमणि)
(३) चराले आफ्नो परिवारप्रति लिएको चिन्ता (एक्ली सुत्केरीले ती छुछुरालाई कसरी पालन गर्ली) आफ्नो भाषामा बताउन,
(४) अरूको हिंसा गर्नुहुँदैन भनी चराको माध्यमबाट दिइएको सन्देश आफ्नो भाषामा बताउन सक्षम हुनेछन् ।

शैक्षिक सामग्री : पाठयोजना २१ का

शैक्षणिक कार्यकलाप :

(१) तोकिएका कवितालाई शिक्षकले नमूनावाचन गरेर गरेर सुनाइदिने र विद्यार्थीहरूलाई लय हाली पढ्न लगाउने। सक्षम नभए पुनः अभ्यास गराउने
(२) कवितामा प्रयुक्त कठिन शब्दहरूको अर्थ ~~शिक्षण गरिदिने । शब्दहरू~~ जस्तै दीन, नियति, पारसमणि भव-जलधि बताए वाक्यमा प्रयोग गर्न लगाउने
(३) कविताको प्रत्येक पंक्तिको अर्थ बताउँदै पूरै श्लोकको अर्थ भन्न अभ्यास गराउने ।
(४) कविताको मूल सन्देश बताइदिने र भावविस्तार गर्ने अभ्यास गराउने ।
(५) पुनः एकपटक कवितालाई लयवद्ध ढंगवाट पढ्न अभ्यास गराउने ।
(६) कविता सम्वन्धी नवुझेका केही कुरा भए विद्यार्थीलाई सोध्न लगाउने र भावबोधका लागि पाँच मिनट मौनवाचन गर्न लगाउने ।
(७) मौनवाचन गरिसकेपछि निम्न प्रश्न सोध्ने :
- चराले आफ्नो परिवारप्रति लिएको चिन्ता आफ्नै भाषामा बताऊ ।
- भवजलधिको तरणी भनेको के हो र कसरी ?

मूल्याङ्कन :

(१) तेस्रो श्लोक कविता गति यति मिलाई लय हाली पढ ।

(२) शब्दको अर्थ भन र वाक्यमा प्रयोग गर :
दीन, नियति, पारसमणि

(३) चराले आफ्नो परिवारप्रति लिएको चिन्ता आफ्नै भाषामा भन ।

(४) चराको माध्यमबाट मानव समुदायलाई कस्तो सन्देश दिइएको छ । आफ्नो भाषामा ~~भन~~ । लेख

गृहकार्य :

- कविताको मूल सन्देश आफ्नै भाषामा लेखेर ल्याऊ ।

Observed

P. Bhupal

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : २४

विषय : नेपाली
शीर्षक: पितालाई चिट्ठी
पाठ्यवस्तु: चिट्ठी लेखन

कक्षा : ६
घण्टी : दोस्रो
समय : ११.००-११.४०
मिति : २०५१।४।२७

विशिष्ट उद्देश्य : कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू :

(१) पिताजीलाई चिट्ठी लेख्दा लेख्नुपर्ने सम्बोधनलाई प्रयोग गरेर यस्तै किसिमका चिठीहरू लेख्न समर्थ हुनेछन्

शैक्षिक सामग्री :

पिताजीलाई नै सम्बोधन गरेर लेखिएको चिठीका नमुनाहरू

शैक्षणिक कार्यकलाप :

(१) शिक्षकले मान्यजनलाई लेखिएका एक दुईवटा प्रासंगिक खालका चिठीहरू सुनाइदिने ।

(२) बाबुलाई चिठी लेख्दा चिठीमा के कस्ता सम्बोधन र विशेषण तथा अभिवादन पदहरू प्रयोग गर्नुपर्छ भन्ने कुरा बताइदिने ।

(३) यस क्रममा शिक्षार्थीले लेखेका चिठीका ढाँचा तथा व्यहोरा निरीक्षण गर्ने र आवश्यक परेको खण्डमा सुझाव उपलब्ध गराउने ।

(४) शिक्षार्थीहरूले उक्त चिठी लेखिसकेपछि उनीहरूले लेखेका चिठीहरू मध्ये केही चिठी शिक्षार्थीलाई नै सुनाउन लगाउने र आवश्यक टिप्पणी तथा सुझाव समेत दिने ।

मूल्याङ्कन :

मूल्याङ्कनलाई शिक्षण कार्यकलाप अन्तर्गत नै समेटिएको छ ।

गृहकार्य :

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

Always remember:

Number:

Date:

पाठयोजना : २५

विषय : नेपाली
शीर्षक : व्याकरण
पाठ्यवस्तु : अनुकरणात्मक शब्द

कक्षा : आठ
घण्टी : सातौं
समय : ३·०० - ३·४०
मिति : २०५१।४।२७

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू
(१) अनुकरणात्मक शब्द चिन्न,
(२) अनुकरणात्मक शब्दको प्रयोग गरी वाक्यमा प्रयोग गर्न

शैक्षिक सामग्री

शैक्षणिक कार्यकलाप :

(१) एकदुईवटा अनुकरणात्मक शब्दको उदाहरण बताइदिने ।
(२) अनुकरणात्मक शब्दको प्रयोग गरिएका एक दुईवटा वाक्यमा प्रयोग गरेर सुनाइदिने
(३) अनुकरणात्मक शब्द भनेको क्रियाविशेषण हो भनेर बताइदिने
(४) अनुकरणात्मक शब्द भनेको के हो भनेर सोध्ने र परिभाषा बताइदिने ।
(५) अनुकरणात्मक शब्दको प्रकार बताइदिने ।
(६) अनुकरणात्मक शब्द भन्न लगाई वाक्यमा प्रयोग गर्ने विद्यार्थीलाई प्रोत्साहित गर्ने ।
(७) थ्याच्च, लुपुलुपु, चसक्क, घुटुघुटु शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने ।

मूल्याङ्कन :

(१) चारचारवटा अनुकरणात्मक शब्द भन ।
(२) अनुकरणात्मक शब्दको एउटा उदाहरण भनी वाक्यमा प्रयोग गर

गृहकार्य :

- अनुकरणात्मक शब्दको प्रयोग गरी ५ वटा वाक्य लेखेर ल्याऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : २६

विषय : नेपाली

कक्षा : ६,७,८,९ संयुक्त
घण्टी : चौथौ घण्टीबाट शुरु
समय : १२:०० –
मिति : २०५१।४।२८

अतिरिक्त क्रियाकलाप अन्तर्गत
हाजिर जवाफ प्रतियोगिता
कक्षा : ६.७.८.९. संयुक्त

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : २७

विषय : नेपाली | कक्षा : आठ

शीर्षक : सरस्वती पूजा | घण्टी : सातौं

पाठ्यवस्तु : सस्वरवाचन र शब्दोच्चारण | समय : ३.००-३.४०

मिति : २०५१।४।३०

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू :

(१) विद्यार्थीहरूले सरस्वतीको पूजा विद्याप्राप्तिको लागि गर्दारहेछन्, बुझ्न ।
(२) सरस्वतीको तस्वीरलाई वा पुस्तकलाई वाग्देवीको रूपमा पूजा गरिन्छ भन्ने कुरा आफ्नो भाषामा बताउन
(३) सरस्वतीलाई हंशबाहिनी, वाग्देवी, ब्रह्मचारिणी भन्नुको तात्पर्य बताउन
(४) सरस्वतीका उपासकले घमण्ड गर्नुहुँदैन भन्ने कुरा बताउन
(५) तोकिएका अनुच्छेदहरू गति यति मिलाई शुद्धसंग सस्वरवाचन गर्न
(६) प्रमुख, श्रीपञ्चमी, वाग्देवी, परिश्रम, ब्रह्मा, कृपा, अक्षता यी शब्दहरूको शुद्धरूपमा उच्चारण गर्न, सक्षम हुनेछन् ।

शैक्षिक सामग्री : सरस्वतीको फोटो, शब्दपत्ती र फलाटिनवोर्ड

शैक्षणिक कार्यकलाप :

(१) सरस्वतीको पूजा किन र कहिले गरिन्छ भन्ने बारेमा केही कुरा बताउने
(२) तोकिएका अनुच्छेदहरू शिक्षकले नमुनावाचन गरिदिने र विद्यार्थीलाई पालैपालो सस्वरवाचन गर्न लगाउने ।
(३) कठिन शब्दको अर्थ बताइदिने ।
(४) उच्चारण गर्न कठिन लाग्ने खालका प्रमुख श्रीपञ्चमी, ब्रह्मा जस्ता शब्दहरूलाई ध्वनि अवयवको समेत निर्देश गरी शुद्ध रूपमा उच्चारण गर्न अभ्यास गराउने ।
(५) शब्दपत्तीमा लेखिएका शब्दहरूको उच्चारण गर्न अभ्यास गराउने

मूल्याङ्कन :

(१) सरस्वतीको पूजा किन गरिन्छ ? आफ्नै भाषामा भन
(२) तस्वीर तथा पुस्तकलाई किन पूजा गरिएको हो ?
(३) हंशवाहिनी भनेर किन भनिएको हो ?
(४) सरस्वतीका उपासकले किन घमण्ड गर्नु हुंदैन ?

(५) पहिलो अनुच्छेद गति यतिलाई ध्यानमा राखी शुद्ध र स्पष्टसँग सस्वरवाचन गर

(६) शब्दको शुद्ध रूपमा उच्चारण गर : श्रीपञ्चमी, अक्षता परिश्राम, व्रह्मा ,

गृहकार्य :

- २० वटा कठिन लाग्ने खालका शब्दहरू लेखेर ल्याऊ

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : २८

विषय : नेपाली
शीर्षक : बालक ध्रुव
पाठ्यवस्तु : शब्दार्थ र पठनबोध

कक्षा : ६
घण्टी : दोस्रो
समय : ११:००-११:४०
मिति : २०७९।४।३०

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरु

(१) शब्दहरूको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न : शब्दहरु : सप्तर्षि, हाढे, स्पृहा, सिंहासन, अधिकार दाँजो, वरदान

(२) तोकिएको पाठबाट सोधिएका मौखिक प्रश्नहरूको उत्तर दिन । सक्षम हुनेछन् ।

(३) राजा उत्तानपादकी दुईवटी रानी र छोराहरूको नाम बताउन

(४) ध्रुवलाई सुरुचिले भनेको कुरा आफ्नो भाषामा बताउन

(५) ध्रुवले कसरी ईश्वर प्राप्त गरेका हुन् भन्ने कुरा आफ्नो भाषामा बताउन सक्षम हुनेछन्

शैक्षिक सामग्री :

शैक्षणिक कार्यकलाप :

(१) तोकिएका अनुच्छेदहरु शिक्षक आफैंले नमुनावाचन गरेर सुनाइदिने र विद्यार्थीहरूलाई पालैपालो गरी पढ्न लगाउने

(२) अरूलाई पाठ हेर्न लगाउने

(३) कठिन शब्दहरु माग्ने र त्यसलाई अन्तर्क्रियात्मक पद्धतिबाट शिक्षण गर्ने ।

(४) उल्लिखित कठिन खालका शब्दहरूको अर्थ बताई वाक्यमा प्रयोग गर्न लगाउने ।

(५) तोकिएको पाठ समय तोकी मौनवाचन गर्न लगाउने र भाव वा पठनबोध सम्बन्धी निम्न प्रश्नहरु सोध्ने :

- ध्रुवतारा कतापट्टि कसरी बस्छ र कसरी त्यसलाई चिन्न सकिन्छ आफ्नै भाषामा भन ।
- राजाकी दुईवटी रानीको नाम र छोराहरूको नाम बताउ
- सुनीतिले ध्रुवलाई के भनेर सम्झाइन् ?
- न्याउरी मारी पछुतो भनेको के हो ?

Number:

Date:

(૧) શબ્દહરૂકો અર્થ ભન ર વાક્યમા પ્રયોગ ગર : ડાઢે, સિંહાસન અધિકાર ,

(૨) રાજાકી પત્ની ર રાજકુમારકો નામ ભન

(૩) સુરુચિલે ધ્રુવલાઈ ભનેકા કુરાહરૂ આફ્નૈ ભાષામા બતાઊ ।

(૪) ધ્રુવલે ઈશ્વર પ્રાપ્ત ગર્દા પાએકા દુઃખહરૂ આફ્નો ભાષામા લેખ ।

- નિમ્ન શબ્દહરૂકો અર્થ લેખી વાક્યમા પ્રયોગ ગરેર લ્યાઊ

વિષયશિક્ષક　　પ્રધાનાધ્યાપક　　નિરીક્ષક

पाठयोजना : २६

विषय : नेपाली | कक्षा : आठ
शीर्षक : सरस्वती पूजा | घण्टी : सातौं
पाठ्यवस्तु : हिज्जे शिक्षण | समय : ३:००-३:४०
मिति : २०५१।४।३१

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू उल्लिखित शीर्षक अन्तर्गत हिज्जेका दृष्टिले कठिनाइ पर्ने शब्दहरूको सही हिज्जे लेख्न समर्थ हुनेछन् ।

शैक्षिक सामग्री : शब्दपत्तीहरू पा० यो० २७ का पनि

शैक्षणिक कार्यकलाप :

(१) शिक्षकले नमूनाका रूपमा दोस्रो अनुच्छेदको श्रुतिलेखन गराउने र उक्त अनुच्छेदमा शिक्षार्थीहरूलाई हिज्जे गर्न कठिनाइ हुने शब्दहरू रेखाङ्कन गर्न लगाउने तथा फेरि ती शब्दहरूको मात्र श्रुतिलेख गराउने र शिक्षार्थीहरूलाई ती शब्दहरूको हिज्जे ठिक भयो भएन पाठको अनुच्छेद पल्टाई हेर्न लगाउने ।

(२) त्यस्तै गरी पाठका अन्य अनुच्छेदबाट हिज्जेका दृष्टिले कठिन मानिने खालका शब्दहरू छानी श्रुतिलेखन गराउने र उक्त पाठका अनुच्छेद पल्टाई हिज्जे ठीक भयो भएन हेर्न लगाउने

(३) हिज्जेका दृष्टिले कठिन मानिने (ब्रह्मचारिणी, परिश्रम, कृपा) शब्दहरूको हिज्जे बिगारी श्यामपाटीमा लेखिदिने र शिक्षार्थीहरूका बीच प्रश्नोत्तर गराई सच्याउन लगाउने वा सच्याइदिने ।

(४) वर्णविन्यासका क्रममा अगाडि , बीचमा र अन्त्यमा आउने इकार र उकार सम्बन्धी शब्दहरू खोजी बताउन लगाउने ।

(५) हिज्जेका दृष्टिले मिल्दाजुल्दा (अन्त्यको अक्षर दीर्घ र ह्रस्व हुने शब्दहरूको सूची तयार पार्न लगाउने र उक्त सूचीका आधारमा हिज्जेका नियमहरूको सूची खोज्न प्रोत्साहित गर्ने ।

मूल्याङ्कन :

(१) कुनचाहिं हिज्जे शुद्ध हो ?

① क सिरिपञ्चमी | ख शिरिपञ्चमी
ग शिर्पञ्चमी | घ श्रीपञ्चमी

② क ब्रह्मा ख ब्रम्हा
ग ब्रह्मा घ ब्रह्मा

(२) शुध्द गर :
बाणी, बाग्देवि, किरिपा, अच्छेता, घमन्डी, विद्द्या, परसिध्द ।

गृहकार्य :

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : ३०

विषय : नेपाली कक्षा : ६
शीर्षक : बालक ध्रुव घण्टी : दोस्रो
पाठ्यवस्तु : सस्वरपठन र शब्दोच्चारण समय : ११.००-११.४०
मिति : २०५१।४।३१

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू समर्थ हुनेछन् :
(१) तोकिएका अनुच्छेदहरू गति यति मिलाई सस्वरवाचन गर्न
(२) शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न :
सह्रा, डाढे, ध्रुव, धैर्य, ईश्वर वरदान, सुत्नु, वुद्धिमान ढुङ्गो, पृथ्वी ।

शैक्षिक सामग्री

सिकाइ शिक्षण कार्यकलाप :

(१) शिक्षक आफैले निर्दिष्ट अनुच्छेद सस्वर पढी शिक्षार्थीहरूलाई सुनाउने वा कुनै शिक्षार्थीहरूलाई उक्त अनुच्छेद पढी सुनाउन लगाउने
(२) उक्त क्रममा अरू शिक्षार्थीहरूलाई पठित अनुच्छेद सुन्न तथा हेर्न निर्देश दिने ।
(३) शिक्षार्थीहरूलाई अनुच्छेदका विभिन्न वाक्यहरूको तथा अनुच्छेद पूरैको पालैपालो गरी सस्वर पढ्ने अभ्यास गराउने ।
(४) शिक्षार्थीहरूले पढ्दा गरेको गल्ती आफूले ख्याल राख्ने ।
(५) निम्नलिखित शब्दयुग्महरूलाई उच्चार्य भिन्नताका साथ शिक्षकले उच्चारण गर्न लगाउने

सह्रा - सत्ता	धैर्य - धइर्य
डाढे - ढाडे	ईश्वर - इस्सोर
ध्रुवे - ध्रुव	वरदान - बर्दान
वुद्धिमान - वुधिमान	सुत्नु - सुन्नु
ढुङ्गो - डुङ्गो	पृथ्वी - पिर्थिवी

(६) उक्त शब्दहरूलाई शिक्षार्थीहरूले उपयुक्त भिन्नताका साथ उच्चारण गर्न नसकेमा शिक्षकले एक एक शब्दयुग्मलाई पुनः पुनः उच्चारण गरी सुनाइदिने र उनीहरूलाई उक्त भिन्नता पत्ता लगाउन भन्ने ।

(७) उक्त क्रममा शिक्षकले उच्चारणस्थान र स्वास वर्णको उच्चारण गर्दा हुने उच्चारण अवयवको स्थिति निर्देश गरिदिने र शब्दयुग्महरूको पुन: उच्चारण गर्न लगाउने

(८) उल्लिखित शब्दयुग्महरूद्वारा सही उच्चारण गराइसकेपछि शिक्षार्थीहरूलाई फेरि पालैपालो गरी अनुच्छेदको सस्वर पठन गराउने

(९) अनुच्छेद पठन गर्दा गति यति नमिलाई पढेमा त्यस्तै किसिमको गल्ती निर्देश गरी सही पठनको नमुना समेत प्रदर्शन गरिदिने र सोही अनुरूप पढ्ने अभ्यास गराउने ।

मूल्याङ्कन :

(१) दोस्रो अनुच्छेद गति, यति मिलाई पढ

(२) शुद्ध रूपमा शब्दहरूको उच्चारण गर : सड्डा, डाढे, वरदान, धैर्य, ईश्वर ।

गृहकार्य :

- बालक ध्रुव भन्ने पाठ गति यति मिलाई सस्वर पढ्ने अभ्यास गरेर आऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : ३१

विषय : नेपाली

कक्षा : आठ
घण्टी : सातौं
समय : ३·००-३·४०
मिति : २०८१।४।०१

विद्यालयबाट प्रत्येक महिनामा सञ्चालन गरिने मासिक परीक्षा अन्तर्गत श्रावण महिनाको मासिक परीक्षाको पाठयोजना :

विशिष्ट उद्देश्य :

श्रावण महिना भरि अध्यापन गराएका कुराहरूबाट सोधिएका प्रश्नहरूको लिखितरूपमा आफ्नो भाषामा अभिव्यक्त गर्न सक्नेछन् :

शैक्षिक सामग्री : प्रश्नपत्र

शैक्षणिक कार्यकलाप :

(१) प्रश्नहरू श्यामपाटीमा लेखिदिने र विद्यार्थीहरूलाई त्यसको उत्तर लेख्न लगाएर आफूले निरीक्षण गर्ने ।

२. निम्न कुरा श्याम पाटीमा लेखिदिने

नाम :
रोल नं. :
कक्षा :

समय : ४० मिनेट
पूर्णाङ्क : १०
उत्तीर्णाङ्क : ४

१- लक्ष्मण थापाले गरेको समाजविरोधि कुराको चर्चा गर्दै बद्रीका टोलीबाट समाजले पाएको योगदानको विवेचना गर ।

२. समस्त शब्दहरूको विग्रह गर : पेटभर, दिनभर, यथाशक्ति, भनेजति

३. भुसुक्क, मुसुमुसु फतक्क, खुत्रुक्क र त, हँ ल, र शब्द तथा निपातको प्रयोग गरी वाक्य वनाऊ ।

४. शुद्ध गर : सरसोतीको बिषयमा पुराण हरूमा थरिथरीका कथा र श्लोकहरू पाइन्छन् । उनैलाई बाणीको देवि पनि भनिन्छ । सरस्वतीलाई कतै हंशवाहिनीको रूपमा मानिन्छ ।

विषयशिक्षक   प्रधानाध्यापक   निरीक्षक

पाठयोजना : ३२

विषय : नेपाली

कक्षा : ६
घण्टी : दोस्रो
समय : ११.००-११.४०
मिति : २०५९।५।०१

विद्यालयवाट प्रत्येक महिना सञ्चालन गरिने मासिक परीक्षा अन्तर्गत श्रावण महिनाको मासिक परीक्षा :

विशिष्ट उद्देश्य :
महिना भरि अध्यापन गराएका पाठहरुबाट सोधिएका प्रश्न हरुको लिखितरुपमा आफ्नो भाषामा अभिव्यक्त गर्न सक्नेछन ।

शैक्षिक सामग्री : प्रश्नपत्र

कार्यकलाप :
(१) प्रश्नहरु श्यामपाटीमा लेखिदिने
(२) उनीहरुले लेखे नलेखेको निरीक्षण गर्ने

प्रश्नपत्र

१. वचन भनेको के हो ? र, कति प्रकारका हुन्छन ? यसको उदाहरण समेत लेख

२. बुध्द भनेका को हुन ? र उनको जन्म कहाँ भएको थियो ?

३. न शीत बाधा न त घामको डर
न बाग नद्दा न त वृष्टिको पिर
वसन्तको गौरवले गरीकन
खुसी छ साह्रै कलकण्ठको मन ॥ यसको व्याख्या गर ।

४. बालक ध्रुव को थिए र उनले कसरी ध्रुवत्व प्राप्त गरे ?

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठ्योजना : ३३

विषय : नेपाली
पाठ्यवस्तु : उपसर्गद्वारा शब्दनिर्माण

कक्षा : आठ
घण्टी : सातौं
समय :
मिति : २०५१।५।२

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू संस्कृत तत्सम उपसर्ग र अन्य आगन्तुक उपसर्गको प्रयोग गरी शब्दनिर्माण गर्ने र त्यसलाई वाक्यमा प्रयोग गर्न सक्षम हुनेछन् ।

शैक्षिक सामग्री : शब्दपत्ती,

शैक्षणिक कार्यकलाप :

(१) शब्दनिर्माण प्रक्रिया भनेको के हो ? त्यसको बारेमा बताइदिने ।
(२) उपसर्ग भनेको के हो ? त्यो बताइदिने ।
(३) उपसर्गको अर्थ बताइदिने ।
(४) नेपाली भाषामा शब्दनिर्माण प्रक्रिया ६ प्रकारबाट बन्दछन् भनेर बताइदिने ।
(५) उपसर्गको प्रयोगले शब्दको अर्थ फरक पर्छ भनेर बताइदिने ।
(६) उदाहरणको लागि उपसर्गको प्रयोग गरी शब्द बनाएर श्यामपाटीमा लेखिदिने ।
(७) उपसर्ग आफूले तोकिदिने र विद्यार्थीलाई शब्द बनाएर सुनाउन प्रोत्साहित गर्ने ।

मूल्याङ्कन :

(१) प्र, परा सम् उपसर्गको प्रयोग गरी तीन तीनवटा शब्द बनाऊ
(२) कार, योग, हार मा उपसर्गको प्रयोग गरी दुई दुईवटा शब्द बनाऊ ।

गृहकार्य :

(१) बे, बद, कु, अधि, दुर अ उपसर्ग प्रयोग गरी शब्द बनाएर वाक्यमा प्रयोग गरेर ल्याऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

Number:

Date:

पाठयोजना : ३४

विषय: नेपाली
पाठ्यवस्तु: भूतकाल र यसका पक्ष

कक्षा : ६
घण्टी : दोस्रो
समय : ११.००-११.४०
मिति : २०५१।५।२

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) भूतकालको क्रियाहरू प्रयोग गरिएका वाक्यहरूको पहिचान गर्ने
(२) भूतकालका तीन पक्ष अर्थात पूर्ण, अपूर्ण र सामान्य भूतकाललाई छुट्याउन
(३) पूर्ण अपूर्ण र सामान्य भूतकालको प्रयोग गरी वाक्यनिर्माण गर्ने

शैक्षिक सामग्री :

शैक्षणिक कार्यकलाप :

(१) शिक्षकले तीनवटै पक्ष प्रयोग भएका वाक्यहरू श्यामपाटीमा लेखिदिने र शिक्षार्थीहरूलाई उक्त वाक्यमा कुन कालको प्रयोग गरिएको छ? सोध्ने ।
(२) श्यामपाटीको प्रयोग गरी सामान्यभूतकालको वाक्यलाई अपूर्ण र अपूर्णभूतकालको वाक्यलाई पूर्णभूतकालमा परिवर्तन गर्ने अभ्यास गराउने ।
(३) भिन्नभिन्न वाक्य विद्यार्थीबाट माग्ने र तिनलाई पनि भिन्नाभिन्न पक्षमा परिवर्तन गर्ने अभ्यास गराउने ।
(४) कुनै निश्चित पाठ पल्टाई पूर्ण, अपूर्ण र सामान्य भूतकालको प्रयोग भएका वाक्यहरू खोज्न लगाउने र तिनमा पूर्ण अपूर्ण र सामान्य भूतकाललाई द्योतन गर्ने पदमा चिन्ह लगाउन निर्देशन र अभ्यास गराउने ।

मूल्याङ्कन :

रामले पढेको थियो । रामले पढ्दै थियो । रामले पढिरहेको थियो । यिनमा कुनकुन पक्षको प्रयोग भएको छ भन ।
(२) पूर्ण अपूर्ण र सामान्य भूतकालको प्रयोग गरी एकएकवटा वाक्य बनाउ र कपीमा लेखी सुनाऊ ।

गृहकार्य :

- पूर्ण अपूर्ण र सामान्य भूतकालको प्रयोग गरी पाँच पाँचवटा वाक्य लेखेर ल्याऊ ।

विषयशिक्षक   प्रधानाध्यापक   निरीक्षक

पाठयोजना : ३५

विषय : नेपाली | कक्षा : ६
शीर्षक : इच्छा (कविता) | घण्टी : दोस्रो
पाठ्यवस्तु : लयबोध, शब्दार्थ र भावबोध | समय : ११.००-११.४०
मिति : २०५१।५।३

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) निर्दिष्ट कवितालाई गति, यति मिलाई लय हाली पढ्न,
(२) कठिन शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न,
(३) कविताबाट सोधिएका भावबोधसम्बन्धी प्रश्नहरूको मौखिक उत्तर दिन,
(४) कविताको भाव बताउन ।

शैक्षिक सामग्री : शब्दपत्ती, वाक्यपत्ती र गोजीतालिका

शैक्षणिक कार्यकलाप :

(१) शिक्षकले निर्दिष्ट कवितालाई लय हालेर पढी सुनाउने अथवा शिक्षार्थीहरूमध्ये बाट उक्त कविता लय हाली पढ्न सक्ने कुनै भए उसलाई पढेर सुनाउन निर्देशन दिने ।

(२) अरूलाई पाठ हेर्ने र ध्यानपूर्वक सुन्न लगाउने ।

(३) कविताका प्रत्येक पाउ लयहाली पढिदिने र सोही अनुरूप एकएक पाउ गरी अरूलाई पढ्ने अभ्यास गराउने ।

(४) उक्त अभ्यास गराउँदा शिक्षक आफूले पहिले सामूहिक (बेन्च बेन्चमा) गराउने र पछि वैयक्तिक रूपमा पनि गराउने ।

(५) अभ्यास गराउँदा शिक्षार्थीहरूबाट त्रुटि भएका ठाउँहरूको ख्याल राखी गल्तीपठन र सहीपठन दुवैको तुलनात्मक निर्देश गरिदिने तथा पुनः पठनको अभ्यास गराउने ।

(६) भावबोधसम्बन्धी प्रश्नहरू सोध्नुभन्दा पहिले विद्यार्थीहरूलाई एकपल्ट फेरि पुरै कविता पढ्न निर्देशन दिने ।

(७) पुरै कविता पढिसकेपछि उक्त कवितालाई एकएक पाउ गरी अर्थ्याउन प्रोत्साहित गर्ने

(८) निम्नलिखित भावबोधसम्बन्धी प्रश्नमा प्रश्नोत्तर गराउने ।

- म सधैं के र कस्तो हूँ ?
- योग्य साथी कसरी बनाउनु पर्छ ?
- कविताका सारांश बताऊ ।

(९) प्रश्नोत्तर सकिसपछि समूह समूहमा विभाजन गरी लयबद्धरूपमा पढ्न लगाउने । उद्देश्य पूरा नभएमा पुनः अभ्यास गराउने ।

(१०) कविताको समग्र भाव बताइदिने र विशिष्ट पंक्तिको व्याख्या गर्न प्रोत्साहित गर्ने ।

(११) कविताको भावबोधसम्बन्धी प्रश्नोत्तर र भावविस्तार गर्न विद्यार्थीलाई सहयोग गर्ने ।

मूल्याङ्कन :

(१) तेस्रो श्लोक गति,यति मिलाई लय हाली पढ ।

(२) शब्दको अर्थ भनी वाक्यमा प्रयोग गर : नित्य, आहार, स्वावलम्वी ।

(३) भावबोधको मूल्यांकन नं. ८ बाट गर्ने ।

(४) कविताको भाव आफ्नो भाषामा भन ।

गृहकार्य :

- इच्छा कविताको छोटकरीमा अर्थ लेखेर ल्याऊ ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

पाठयोजना : ३६

विषय : नेपाली — कक्षा : ६
शीर्षक : शिक्षाप्रेमी शंकरदेव — घण्टी : दोस्रो
पाठ्यवस्तु : सस्वरवाचन र शब्दोच्चारण — समय : ११·०० - ११·४०
मिति : २०५१।५।७

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :
(१) गति यतिका साथ शुद्ध रूपमा सस्वरवाचन गर्न,
(२) कठिन शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न,
(३) शंकरदेवको जन्म कहिले भएको हो ? बताउन,
(४) शंकरदेवले पढेको विद्यालय र क्याम्पसको नाम बताउन,
(५) शंकरदेवको मनमा उर्लिएका छटपटीलाई आफ्नो भाषामा बताउन,
(६) शंकरदेव लगायत अन्य व्यक्तिहरूलाई पुस्तकालय खोले वापत राणाहरूले दण्ड गर्नाको कारण बताउन,

शैक्षिक सामग्री : शंकरदेवको फोटो, उच्चारण गर्न कठिन लाग्ने शब्द लेखिएका शब्दपत्ती र ... ... ।

शैक्षणिक कार्यकलाप :

(१) शिक्षक आफैले निर्दिष्ट अनुच्छेद सस्वररूपमा नमुनावाचन गरिदिने र कुनै एक शिक्षार्थीलाई उक्त अनुच्छेद पढी सुनाउन लगाउने ।
(२) उक्त क्रममा अन्य शिक्षार्थीहरूलाई पठित अनुच्छेद हेर्न तथा ध्यानपूर्वक सुन्न लगाउने ।
(३) शिक्षार्थीलाई अनुच्छेदका विभिन्न वाक्यहरूको तथा अनुच्छेद पूरैको पालैपालो गरी सस्वर पढ्न अभ्यास गराउने ।
(४) शिक्षार्थीले पढ्दा गरेको गल्ती आफूले ख्याल राख्दै जाने ।
(५) निम्न शब्दयुग्मलाई उच्चार्य भिन्नताका साथ उच्चारण गर्न सिकाउने

संस्कृत - समस्कृत
अशिक्षित - अशिच्छित
सक्रानी - सरानी
दृष्टि - दृस्ति

(६) उक्त शब्दहरूलाई शिक्षार्थीले उपयुक्त भिन्नताका साथ उच्चारण गर्न नसकेमा शिक्षकले एक एक शब्दयुग्मलाई पुनः पुनः उच्चारण गरी सुनाइदिने र उनीहरूलाई उक्त भिन्नता पत्ता लगाउन भन्ने ।

बाँकी यसको चौथो पृष्ठमा

पाठयोजना :

२०५१।५।२ को पाठयोजना अनुसार कक्षाकार्यकलाप अगाडि बढ्न नसकेकाले र विद्यार्थीहरूले स्पष्ट रूपमा नबुझेको महसुस भएकाले आज मिति २०५१।५।८ गते पुन: अध्यापन गराइने छ ।

विषय : नेपाली
शीर्षक :
पाठ्यवस्तु : पा·यो· ३३ अनुसार

कक्षा : आठ
घण्टी : सातौं
समय : ३.००-३.४०
मिति : २०५१।५।८

उद्देश्य, सामग्री, क्रियाकलाप र मूल्याङ्कन उही हुनेछ ।

विषयशिक्षक   प्रधानाध्यापक   निरीक्षक

Always remember,

Number:

Date:

(७) उक्त क्रममा शिक्षकले उच्चारणस्थान र खासवर्णको उच्चारण गर्दा हुने उच्चारण अवयवको स्थिति निर्देश गरी शब्दयुग्मको उच्चारण गर्न लगाउने ।

(८) उल्लिखित शब्दयुग्मको सही उच्चारण गराइसकेपछि शिक्षार्थीलाई फेरि पालैपालो गरी अनुच्छेदको सस्वर पठन गराउने

(९) अनुच्छेद पठन गर्दा गति यति नमिलाई पढेमा त्यस्तै किसिमको गल्ती निर्देश गरिदिने र सही पठनको नमुना समेत गरिदिने र सोही अनुरूप पढ्ने अभ्यास गराउने ।

मूल्याङ्कन :

(१) पहिलो अनुच्छेद गति यति मिलाई पढ

(२) अंग्रेजी, संस्कृत, त्रिचन्द्र, सख्खानी शब्दको शुद्ध उच्चारण गर ।

(३) शंकरदेवको जन्म कहिले भएको थियो ?

(४) शंकरदेवका मनमा उर्लिएका छटपटी आफ्नै भाषामा भन

(५) राणाहरूले शंकरदेवलाई सजायँ गर्नुको कारण के थियो ?

गृहकार्य :

- यस पाठमा तिमी आफूलाई कठिन लाग्ने कम्तीमा २० वटा शब्दहरू लेखेर ल्याऊ ।

विषयशिक्षक   प्रधानाध्यापक   निरीक्षक

पाठयोजना : ३७

विषय : नेपाली
शीर्षक : 'पादुका दान' (चौथो श्लोक सम्म)
पाठ्यवस्तु : लयबोध, शब्दार्थ र भावबोध

कक्षा : आठ
घण्टी : सातौं
समय : ३·००-३·४०
मिति : २०५१।५।८

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :

(१) निर्दिष्ट कवितांशलाई गति, यति मिलाई लय हाली पढ्न,
(२) कवितामा प्रयुक्त कठिन शब्दको अर्थ बताउन र वाक्यमा प्रयोग गर्ने,
(३) भावबोधसम्बन्धि सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिन,

शैक्षिक सामग्री : रामको फोटो, खराउको चित्र, शब्दपत्ती र वाक्यपत्ती

शैक्षणिक कार्यकलाप :

(१) शिक्षकले निर्दिष्ट कवितांशलाई लय हालेर नमुनावाचन गरिदिने र उक्त कविता लय हाली पढ्न सक्ने कुनै विद्यार्थी भए पढेर सुनाउन लगाउने ।
(२) अन्य विद्यार्थीहरूलाई पाठ पल्टाई हेर्ने लगाउने र ध्यानपूर्वक सुन्न भन्ने ।
(३) कविताका प्रत्येक पाउ लय हाली पढिदिने र सोहीअनुरूप एक एक पाउ गरी अरूलाई पढ्ने अभ्यास गराउने ।
(४) उक्त अभ्यास गराउँदा पहिले सामूहिक र पछि समूह समूहका वीचमा गराउने र अन्त्यमा वैयक्तिक रूपमा गराउने ।
(५) अभ्यास गराउँदा शिक्षार्थीहरूबाट भएका गल्तीको ख्याल राखी सचेत गराई पुनः पठनको अभ्यास गराउने ।
(६) एकपटक पूरै कविता पढ्न लगाउने र प्रत्येक हरफको अर्थ भन्न लाई प्रोत्साहित गर्ने ।
(७) भावबोधसम्बन्धि निम्न प्रश्नहरूद्वारा प्रश्नोत्तर गराउने :
- भरतको मनमा के कुराको ताप परेको छ ?
- राजगद्दी कस्को हो भन्छन् र आफ्नो काम के बताउँछन् भरतले ?
- छोराहरू छाडि जंगल जान कहिले उपयुक्त हुन्छ ?
- भरतले रामसंग के कुरा विन्ती गर्छन् ?

(८) प्रश्नोत्तर गराइसकेपछि उक्त कवितांशका प्रत्येक श्लोक सामूहिक वा वैयक्तिक रूपमा लयबद्ध पठन गराउने र गल्ती पर्दमा सही पठनको

निर्देश गरी उद्देश्य पूरा नभएसम्म अभ्यास गराउने ।

(९) अन्त्यमा पठित कविताको भाव बताउन विद्यार्थीलाई प्रोत्साहित गर्ने र भावविस्तार गर्ने अभ्यास गराउने ।

(१०) आज पढिएको पाठमा नबुझेका केही कुरा भए सोध्न समय दिने र आफूले ती कुराहरू बताइदिने ।

मूल्याङ्कन :

(१) पहिलो र दोस्रो कविता गति, यति मिलाई लय हाली पढ ।

(२) निम्न शब्दहरूको अर्थ बताई वाक्यमा प्रयोग गर :

(३) भावबोधसम्बन्धी मूल्यांकन नं. ७ अनुसार गर्ने

गृहकार्य :

विषयशिक्षक   प्रधानाध्यापक   निरीक्षक

पाठयोजना : ३८

विषय : नेपाली
शीर्षक : शंकरदेव (बाँकी अनुच्छेद)
पाठ्यवस्तु : सस्वरवाचन, शब्दार्थ र पठनबोध

कक्षा : ६
घण्टी : दोस्रो
समय : ११.००-११.४०
मिति : २०५१।५।८

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :
(१) तोकिएका अनुच्छेदहरू गति, यति मिलाई शुद्धरूपमा सस्वरवाचन गर्न,
(२) शब्दहरूको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न,
(३) पढिएको पाठबाट सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिन,
(४) 'मेरो स्कूल' निबन्धबाट शंकरदेवमा परेको प्रभाव आफ्नो भाषामा भन्न,
(५) राष्ट्रिय विकासमा शंकरदेवले गरेका त्याग र तपस्याका कुराहरूलाई आफ्नो भाषामा लिखित एवं मौखिकरूपमा अभिव्यक्त गर्न,

शैक्षिक सामग्री : शंकरदेवको फोटो, शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका र फलाटिनबोर्ड ।

शैक्षणिक कार्यकलाप :

(१) प्रस्तुत पाठ गति, यति मिलाई आफैंले नमुनावाचन गरिदिने ।
(२) त्यसपछि विद्यार्थीलाई आलोपालो गरी पढ्न लगाउने ।
(३) पाठमा देखा परेका कठिन शब्दहरू विद्यार्थीहरूलाई भन्न लगाउने र ती शब्दहरू आफूले श्यामपाटी लेखेर कुनै विद्यार्थीलाई त्यसको अर्थ आउँछ भने भन्न लगाउने । सही उत्तर आएमा अन्तरक्रिया गरी सुनाइदिने र न आएमा आफैंले बताइदिने ।
(४) अप्ठ्यारा शब्दको अर्थ बताइसकेपछि वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रोत्साहित गराउने ।
(५) आवश्यक परेको खण्डमा विद्यार्थीलाई सहयोग गर्ने ।
(६) पुन: निश्चित अनुच्छेद तोकी विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउने र उसले गरेका गल्ती बताउन अन्य विद्यार्थीलाई लगाई उसैलाई सस्वरवाचन गर्न लगाउने र सच्याइ बाचन गर्ने सहयोग दिने ।
(७) पाठको मुख्य कुरा बताई पठनबोधको प्रश्नोत्तर गराउन मौनवाचन गर्ने समय दिने । निम्न प्रश्नहरू सोध्ने :
- शंकरदेवले के भनेर नेशनल कलेजको स्थापना गरेका हुन् ?

- जीवनको अन्तिम घडीमा शंकरदेवले के भनेका थिए ?
- उनले देशलाई कस्तो ऋण लगाएर गए ?
- शंकरदेवलाई कसरी सम्मान व्यक्त गरियो ?

(८) पाठमा केही कुरा नबुझेको भए सोध्न समय दिने ।

मूल्याङ्कन :

- पाँचौं अनुच्छेद गति यति मिलाई शुध्दरूपमा सस्वरवाचन गर
- शब्दको अर्थ भन र वाक्यमा प्रयोग गर : अध्ययनशील, थिचोमिचो, समर्पण, प्राङ्गण
- पठनबोध नं. ७ अनुसार गराउने
- रवीन्द्रनाथबाट शंकरदेवमा कस्तो प्रभाव पऱ्यो भन ।
- शंकरदेवका के कस्ता योगदानहरू छन् ? आफ्नो भाषामा भन

गृहकार्य :

- शंकरदेव को हुन् र उनका के कस्ता योगदानहरू छन् ? लेखेर ल्याऊ ।

विषयशिक्षक   प्रधानाध्यापक   निरीक्षक

पाठयोजना : ३६

विषय : नेपाली
शीर्षक : विजयपुरका बूढा सुब्बा (अनु: ३)
पाठ्यवस्तु : सस्वरवाचन, शब्दार्थ र पठनबोध

कक्षा : ६
घण्टी : दोस्रो
समय : ११:०० - ११:४०
मिति : २०७९।१।१६

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :
(१) तोकिएको अनुच्छेद गति, यति मिलाई शुद्धरूपमा सस्वरवाचन गर्न,
(२) शब्दको अर्थ बताउन र वाक्यमा प्रयोग गर्न, जस्तै: परंतप, यज्ञ असुल, अधीन, मण्डप,
(३) अश्वमेध यज्ञ भनेको के हो र यो यज्ञ गर्न के गर्नुपर्ने रहेछ भन्ने कुरा आफ्नो भाषामा बताउन,
(४) 'विजयपुर' नाम रहनुको कारण आफ्नै भाषामा बताउन,
(५) विजयपुर' कहाँ पर्छ ? सो कुरा बताउन,

शैक्षिक सामग्री : शब्दपत्ती, वाक्यपत्ती

शैक्षणिक कार्यकलाप :

(१) आज पढाइने पाठकाबारेमा सामान्य जानकारी गराइदिने ।
(२) निश्चित अनुच्छेदको केही भाग आफूले नमूनावाचन गरिदिने र बाँकी भाग विद्यार्थीलाई पालैपालो गरी शुद्ध र स्पष्टरूपमा सस्वर वाचन गर्न लगाउने ।
(३) वाचन गर्न लागेको विद्यार्थीले गरेका गल्ती अन्य विद्यार्थीलाई ख्याल गर्न निर्देशन दिने र उसैलाई कसरी भन्नुपर्छ भनी भन्न लगाउने ।
(४) अरू विद्यार्थीहरूलाई पनि यसै गरी अभ्यास गराउने ।
(५) पाठमा कठिन लागेका शब्द विद्यार्थीबाट माग्ने र श्यामपाटीमा लेख्ने ।
(६) अन्तर्क्रियात्मक तरीकाबाट शब्दार्थ पत्ता लगाउने दिशामा विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने र उत्तर नआएमा आफैंले अर्थ बताई वाक्यमा प्रयोग गरी देखाइदिने ।
(७) यस्तै अन्य शब्दहरूको अर्थ बताई मौलिक वाक्यमा प्रयोग गर्न विद्यार्थीहरूलाई सहभागी गराउने ।
(८) पुन: सस्वरवाचन गराई विद्यार्थीबाट भएका गल्तीको ख्याल

राखी सही पठनको निर्देशन गरी पढ्न अभ्यास गराउने ।
(६) पाठका बारेमा थप केही कुरा भए सोध्न समय दिने र सोधेका प्रश्नहरूको उत्तर दिने ।

मूल्याङ्कन :

(१) पहिलो अनुच्छेद गति, यति मिलाई सस्वरवाचन गर ।
(२) शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर: अश्वमेध, असुल अधीनता,
(३) अश्वमेध यज्ञ भनेको के हो र यो कसरी गरिन्छ ? आफ्नै भाषामा भन ।
(४) विजयपुर'को नाम कसरी रह्यो ?
(५) विजयपुर कहाँ पर्छ ?

गृहकार्य :

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

विष
विषयशिक्षक

पाठयोजना : ४०

विषय : नेपाली
कक्षा : आठ
शीर्षक : पादुका दान (
घण्टी : सातौं
पाठ्यवस्तु : लयबोध, शब्दार्थ भावबोध
समय : ३:००-३:४०
मिति : २०५८।१।५।६

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापका अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :
(१) निर्दिष्ट कवितांशलाई गति, यति मिलाई लय हाली पढ्न,
(२) कवितामा प्रयुक्त कठिन शब्दको अर्थ बताउन र वाक्यमा प्रयोग गर्न, : आज्ञा, मतिहीन, वश, सत्यवादी, वरदान ।
(३) भावबोधसम्बन्धी सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिन,

शैक्षिक सामग्री : शब्दपत्ती, वाक्यपत्ती र फलाटिनबोर्ड

शैक्षणिक कार्यकलाप :

(१) कवितालाई गति, यति मिलाई लय हाली नमुनावाचन गरिदिने र यस कवितालाई लय हाली पढ्न सक्ने कुनै विद्यार्थी भए उसलाई पढेर सुनाउन लगाउने ।
(२) अन्य विद्यार्थीलाई पाठ हेर्न लगाई ध्यानपूर्वक सुन्न भन्ने ।
(३) कविताका प्रत्येक पाउ लय हाली पढिदिने र सोही अनुरूप एकएक गरी अरूलाई पढ्न अभ्यास गराउने ।
(४) उक्त अभ्यास गराउँदा पहिले सामूहिक गराउने र पछि समूह विभाजन गरी अभ्यास गराउने ।
(५) अभ्यास गराउँदा शिक्षार्थीहरूबाट भएका गल्तीको ख्याल गरी सचेत गराई पुनः पठनको अभ्यास गराउने ।
(६) एकपटक पूरै कविता पढ्न लगाउने र प्रत्येक हरफको अर्थ भन्न विद्यार्थीलाई प्रोत्साहित गर्ने ।
(७) भावबोधसम्बन्धी निम्न प्रश्नहरूद्वारा प्रश्नोत्तर गराउने :
- रामले खुसी भएर भरतलाई के भन्नुभयो ?
- भरतले पितालाई कस्तो ठान्दछन् ?
- रामले पिताजीलाई के भन्नुहुन्छ ?

(८) प्रश्नोत्तर गराइसकेपछि उक्त कवितांशका श्लोकहरू सामूहिक वा वैयक्तिक रूपमा लयबद्ध पठन गराउने र गल्ती पढेमा सही

पठनको निर्देश गरी उद्देश्य पूरा नभएसम्म अभ्यास गराउने ।

(९) अन्त्यमा पठित कविताको भाव बताउन विद्यार्थीलाई प्रोत्साहित गर्ने र भावविस्तार गर्ने अभ्यास गराउने ।

(१०) आज पढिएको पाठमा नबुझेका कुरा केही सोध्न समय दिने र ती कुराको जवाफ आफूले दिने ।

मूल्याङ्कन :

(१) पाँचौं र छैटौं श्लोक कविता गति, यति मिलाई लय हाली पढ ।

(२) शब्दको अर्थ भन र वाक्यमा प्रयोग गर : आज्ञा, मतिहीन, वश, सत्यवादी, वरदान ।

(३) भावबोधसम्बन्धी मूल्यांकन नं. ७ अनुसार गराउने ।

विषयशिक्षक प्रधानाध्यापक निरीक्षक

निरीक्षक

[illegible]

क ख ग

पाठयोजना : ४१

विषय : नेपाली
शीर्षक : विजयपुरका बूढा सुब्बा
पाठ्यवस्तु : शब्दार्थ (विपरीतार्थक) र पठनबोध

कक्षा : ६
घण्टी : दोस्रो
समय : ११·००-११·४०
मिति : २०५९।५।१०

विशिष्ट उद्देश्य :

कक्षाकार्यकलापको अन्त्यमा विद्यार्थीहरू सक्षम हुनेछन् :
(१) शब्दको अर्थ भन्न : आनन्द, विजय सुगन्ध, विश्वास
(२) शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न : आनन्द, विजय-पराजय, विश्वास- अविश्वास,
(३) पाठभित्रबाट सोधिएका प्रश्नहरूको उत्तर दिन,
(४) विजयपुर' नाम रहनुको कारण बताउन,
(५) त्यहाँका बाँस टुप्पो काटिएको ठुटो झैं किन देखिन्छ र बताउन,

शैक्षिक सामग्री : शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका

शैक्षणिक कार्यकलाप :

(१) पाठको पूर्व प्रसङ्ग र आज पढाइने पाठको बारेमा केही कुरा बताउने ।
(२) निश्चित अनुच्छेद शिक्षार्थी एकलाई उठाई सबैले सुनिने गरी वाचन गर्न लगाउने । अरूलाई पाठ हेर्न लगाउने ।
(३) पाठमा कठिन लाग्ने खालका शब्द मागी अन्तरक्रियात्मक तरिकाबाट शब्दार्थ शिक्षण गराउने ।
(४) उक्त शब्दार्थलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रोत्साहित गर्ने
(५) शब्दार्थशिक्षणकै क्रममा शब्दपत्तीमा लेखिएका शब्दहरू देखाउने र ती शब्दका विपरीतार्थक शब्द भन्न लगाई वाक्यमा प्रयोग गर्न लगाउने ।
(६) शब्दार्थशिक्षण सिध्याएपछि तोकिएको पाठ मौनवाचन गर्न लगाउने र आफूले निरीक्षण गर्ने ।
(७) मौनवाचन सकिएपछि तपसिल बमोजिमका प्रश्नहरू अनुसार एक एक गरी सोधी प्रश्नोत्तर गराउने ।

- चुलाचुली पर्वतलाई खाने जिम्मा कसले लिए र उनी को थिए ?
- चुलाचुली कसरी विजयपुरमा परिणत भएको हो ?
- लिम्बूहरूका देवतालाई के भनिन्छ ?

- बूढा सुब्बा विजयपुर किन र कसरी आइपुगेका थिए ?
- बूढा सुब्बाका बारेमा के कस्ता किंवदन्ती सुन्न पाइन्छन् ?

(८) पाठको सारांश बताउन लगाउने ।

मूल्याङ्कन :

(१) शब्दको अर्थ भन : आनन्द, विजय, सुगन्ध
(२) वाक्यमा प्रयोग गर : विजय- पराजय, विश्वास- अविश्वास, देवता- दैत्य,
(३) पठनबोध नं.७ अनुसार गराउने ।
(४) 'विजयपुर' नाम कसरी रहेको हो ? भन ।
(५) 'विजयपुर'का बाँस किन टुप्पो काटिएको जस्तो देखिन्छ ? भन त ।

गृहकार्य :

-'विजयपुरका बूढा सुब्बा' यस पाठबाट १५ वटा शब्द छानी त्यसको विपरीतार्थक शब्द खोजी लेखेर ल्याऊ ।

Final class observe

विषयशिक्षक | प्रधानाध्यापक | निरीक्षक

निवन्धात्मक प्रश्नहरू :

लामो उत्तरात्मक :

१. अब्राहम लिंकन को हुन् र उनले आफ्नो राष्ट्रलाई दिएको योगदानको चर्चा गर्नुहोस् ।
२. चरीको विलाप कविताका माध्यमबाट समाजलाई के कस्तो सन्देश दिन खोजिएको छ ? कारण दिंदै चर्चा गर्नुहोस् ।
३. भूतको शिकार कथामा समाजविरोधि कार्यमा अग्रसर लक्ष्मण थापाको कालो करतुतको चर्चा गर्दै त्यसलाई निराकरण गर्ने दिशामा के कस्ता प्रयासहरू भएका छन् ? विवेचना गर्नुहोस् ।
४. सरस्वतीपूजा कहिले गरिन्छ ? र केका लागि सरस्वतीको पूजा गर्ने गरिन्छ ?
५. मनोवाद के हो ? यसको परिचय दिंदै आफू एस. एल. सी. पास भएको दिनमा कस्ता कस्ता विचार आउलान् ? यस विषयमा एउटा मनोवाद लेख्नुहोस् ।

छोटो उत्तरात्मक :

१. अब्राहम लिंकन बजार घुम्न जाँदा के के र कस्ताकस्ता कुरा देखे छोटकरीमा लेख्नुहोस् ।
२. लिंकनले के प्रतिज्ञा गरेका थिए र त्यसलाई उनले कसरी पूरा गरे ?
३. 'अकुलीन पनि विद्वान भए पूजिन्छ लोकले ।' यसको सप्रसङ्ग व्याख्या गर ?
४. लक्ष्मण थापा कस्तो मान्छे थियो र उसले गाउँलेहरूबाट कस्तो किसिम-को सजायँ पायो ?
५. आलोककुमारलाई निद्रा नलाग्नुको कारण के थियो ?
६. अव्ययीभाव समासको उदाहरण दिई परिभाषा केलाउनुहोस् ।
७. चराले भाग्यलाई किन क्रूर भनेको हो ?
८. सरस्वतीको पूज किन र कहिले गरिन्छ ?
९. 'घमण्ड सात्त्विक भावभित्र पर्दैन । जो सरस्वतीको भक्त छ उसले घमण्ड गर्ने कुरै उठ्दैन ।' यसको भावविस्तार गर्नुहोस् ।
१० उपसर्गद्वारा शब्दनिर्माण कसरी गरिन्छ ?

वस्तुगत प्रश्नहरू :

तलका प्रश्नहरूमध्ये ठीक उत्तर छानेर ✓ चिन्ह लगाऊ ।

१. चक्रपाणि चालिसेको कृति कुन हो ?
(क) रामायण बालकाण्ड (ख) गोर्खाशिक्षा
(ग) सूक्तिसिन्धु (घ) वखलढुंगा ✓

२. चक्रपाणि चालिसेको पहिलो कविता केमा निस्केको थियो ?
(क) गोर्खाशिक्षामा (ख) धर्मशिक्षामा
(ग) सूक्तिसिन्धुमा (घ) वगालीकोषमा

३. चक्रपाणि चालिसेले भोग्नुपरेको दुःख कुनचाहिँ होइन ?
(क) छोराको मृत्युको दुःख (ख) जीवनसंगिनीको मृत्युको दुःख
(ग) भाषा र साहित्यको सेवा गर्न नपाएको दुःख (घ) छोरीको मृत्युको दुःख

४. अब्राहम लिंकन ... जन्मेका थिए ?
(क) गरीब जुलाहाका कुलमा (ख) धनी जुलाहाका कुलमा
(ग) गरीब कुलमा (घ) अमेरिकामा

५. लिंकनलाई हेरविचार गरेर हुर्काइन ।
(क) आमाले हेरविचार गरेर (ख) उनकी सौतेनी आमाले हेरविचार गरे
(ग) बाबु र सौतेनी आमाले हेरविचार गरेर (घ) कसैले पनि होइन

६. लिंकनकी सौतेनी आमा कस्ती थिइन ?
(क) वात्सल्यमयी हृदय भएकी (ख) सरल मिजास भएकी
(ग) वात्सल्यमयी र पृथ्वीजस्तो विशाल हृदय भएकी (घ) दुष्ट हृदय भएकी

७. लिंकन एकजना धनाढ्यसंग बजार घुम्न जाँदा के देखेका थिए ?
(क) सडकमा मोटर दगुरेको (ख) झिलिमिलि भएको बजार
(ग) ठूलाठूला मान्छेहरू (घ) घाँटीमा सिक्रीले बाँधी किनवेच गर्न लागिएका मान्छे ✓

८. मानिसलाई कमारोकमारी बनाइराख्नु
(क) न्यायसंगत कुरा हो (ख) न्यायसंगत कुरा होइन
(ग) मानव अधिकारको कुरा हो (घ) कुनै पनि ठीक छैन

९. 'हतियार' को सही विग्रह कुन हो ?
(क) हात + इयार (ख) हत + इयार
(ग) हति + यार (घ) हतिया + र

१०. नीतिशतक कविताका लेखक को हुन् ?
(क) चक्रपाणि चालिसे (ख) लेखनाथ पौडेल

ग लक्ष्मी प्र. देवकोटा घ दैवज्ञराज न्यौपाने

११. विद्वानमा के हुन्छ ?

क विद्वत्ता ख धेरै गुणहरू

ग दोष घ गुण र दोष दुवै

१२. कुनचाहिं ठीक छ ?

क विद्वान स्वदेशमा पूजिन्छ ख राजा सर्वत्र पूजिन्छ

ग राजामात्र पूजिन्छ घ राजा स्वदेशमा र विद्वान सर्वत्र पूजिन्छ

१३. डिलखेतमा बनाउँदै गरेको कुलो भत्काउने को हो ?

क भूत ख कालेमगर

ग लक्ष्मण थापा घ देवताको गुप्तचर

१४. बद्रीको टोलीमा कति वर्षका केटाकेटीहरू छन् ?

क १२/१३ वर्षका ख १३/१४ वर्षका

ग १४/१५ वर्षका घ १४ वर्षको मात्र

१५. दिनभरि खनिएको कुलो भत्किएकोले, कसले भेला गराई छलफल गर्न लागेका थिए ?

क बद्री र राधाको टोलीले ख दानवीर साहूले

ग गाउँलेहरू आफैं भेला भई घ कुनै पनि होइन

१६. "यो मान्छेको काम होइन दैवको खेल हो।" यो कसले भनेको हो ?

क सानु थापाले ख लक्ष्मण थापाले

ग कालेमगरले घ जगने शाहीले

१७. मानिसको कुभलो गर्छ भने त्यो देवतै कसरी भयो ?" यो कसले भनेको हो ?

क राधाले ख मायाले

ग बद्रीले घ सबैले भनेका हुन्

१८. कुलो भत्काउने भूतलाई कतिऔं दिनमा समातिएको थियो ?

क तेस्रो दिनमा ख चौथो दिनमा

ग पाँचौं दिनमा घ छैठौं दिनमा

१९. ताराको उज्यालोमा उनीहरूले देखेको वस्तु साँच्चै

क भूत झैं लाग्यो ख मान्छे झैं लाग्यो

ग छायाजस्तो मात्र लाग्यो घ माथिको कुनै पनि होइन

२० गोरखेलौरीमा चौरखुरिसर वस्नेमा को थियो ?
क कालेमगर ख कालेथापा
ग लक्ष्मण थापा घ सानु थापा
२१. लक्ष्मण थापालाई कस्तो सजायँ दिए ?
क गाउँबाट निकालेर ख उससंग कुनै किसिमको व्यवहार नगरेर
ग उससंग नबोलेर घ उसलाई कुटेर
२२. कुनचाहिँ शुद्ध हो ?
क भुतप्रेत ख भूत्प्रेत
ग भूतपेरेत घ भूतप्रेत
२३. गोरखेलौरी भनेको कस्तो सजायँ हो ?
क लौरीले पिटेर दिइने सजायँ ख डोरीले बाँधेर दिइने सजायँ
ग हातखुट्टा बाँधेर दिइने सजायँ घ दुईटा लौरीलाई डोरीले बाँधी दिइने सजायँ
२४. समास कतिवटा छन् ?
क ५ वटा ख ६वटा ग ७वटा घ आठवटा
२५. 'वारपार' कुन समासको उदाहरण हो ?
क तत्पुरुष ख द्वन्द्व
ग बहुव्रीहि घ अव्ययीभाव
२६. समस्त शब्द कस्तो शब्दलाई भनिन्छ ?
क दुईटा शब्दलाई ख तीनवटा शब्द मिली बनेको शब्दलाई
ग दुई वा दुईभन्दा बढी शब्द मिली एउटै बनेको शब्दलाई
घ माथिको सबै
२७. आलोककुमारलाई आमाले काठमाण्डौं किन नजा भन्नुभएको हो ?
क मायाले गर्दा ख पढाइ हुन्न भनेर
ग टाढा भयो भनेर घ दुःख पाउला भनेर
२८. आलोककुमारलाई किन निद्रा नलागेको हो ?
क पढ्ने चिन्ताले ख भोलि काठमाण्डौं जाने दिन भएकाले
ग घर छोड्नु परेकाले घ छात्रावासमा घुम्न र खेल्न नपाइने भएकाले
२९. छात्रावासमा बस्ने केटामध्ये कुन के हो हो ?
क कृष्ण एउटा जेहेन्दार केटा ख आलोक एउटा जेहेन्दार केटा
ग रवि " " " घ ध्रुव " " "

३०. चरीको विलाप कविताका रचयिता को हुन् ?
क चक्रपाणि चालिसे ख लक्ष्मी प्रसाद देवकोटा
ग कविशिरोमणि लेखनाथ पौडेल घ माधव घिमिरे

३१. लेखनाथ पौडेलको जन्म कहिले भएको हो ?
क वि.सं. १९३१ ख वि.सं. १९४१
ग वि.सं. २०२२ घ वि.सं. १९५१

३२. पृथ्वीको चहकिलो पारसमणि के हो ?
क माया ख धर्म
ग सान्त्वना घ दया

३३. 'नियति' भनेको के हो ?
क नियत वा विचार ख दैव वा भाग्य
ग माथिका दुवै हो घ माथिको कुनै पनि होइन

३४. चरीको विलाप कवितामा के आह्वान गरिएको छ ?
क चरालाई नमार्न ख हिंसा नगर्न
ग मानवीय भावनाको विकास गर्न घ माथिका सबै

३५. विकलको पर्यायवाची शब्द कुन हो ?
क सहयोग ख रिस
ग झगडा घ असहाय

३६. मुसुक्क कस्तो किसिमको शब्द हो ?
क अनुकरणात्मक शब्द ख क्रियाविशेषण शब्द
ग समस्त शब्द घ क र ख दुवै

३७. 'टिनिन्न' कुन किसिमको अनुकरणात्मक शब्द हो ?
क दृश्यात्मक ख श्रव्यात्मक
ग अनुरणनात्मक घ रणनात्मक

३८. सरस्वतीलाई के को प्रतीक मानिन्छ ?
क विद्याकी देवीको प्रतीक ख धनकी देवीको प्रतीक
ग दुर्गा भगवतीको प्रतीक घ अन्नपूर्णा देवीको प्रतीक

३९. सरस्वतीलाई के भनिँदैन ?
क मयूरवाहिनी ख हंसवाहिनी
ग वीणावादिनी घ धनदात्री

४० पहाड उपत्यका र सबैतिर सरस्वतीलाई के भनेर पूजा गरिन्छ ?
क विद्याप्रेम बढोस् र सीप वृद्धि होस् ख धन देउ भनेर
ग सुख देउ भनेर घ नजानेका कुरा जानियोस् भनेर

तिलिङ्गटार उच्च मा.वि. फो नं. ४३६९७६८

BIG BOSS

Big BOSS

HIKARI このノートは中厚口の70g/m²
上質紙 を使用しております

B-901A